का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ चैत २०८१,
आइतबार
16 March, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २३, अंक ४२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com





# पार्टी र सत्ताका एक्ला 'प्रतिपक्ष'



हाम्रा साथीहरू सरकारमा हुनुहुन्छ उहाँहरूले राम्रोसँग सत्ता पक्षकै काम गर्ने हो । तर हाम्रो प्रतिस्पर्धी एमाले भएकाले सरकार बाहिर रहेका कांग्रेसका नेताहरूले सरकारका कमजोरीलाई केलाएर सुझाव दिने, खवरदारी गर्ने र पार्टीलाई बलियो बनाउने हो

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ चैत ।

'विनाशकाले विपरित बुद्धि : सरकार कुशासनको दुश्चक्रमा परेको भन्दै नागरिकको बढ्दो आक्रोश, सत्तारुढ पार्टीभित्र नै सरकारको कामको तीव्र विरोध र गलत तत्त्वसडक तताइरहेको संवेदनशील अवस्थामा अर्को दुष्कर्मको प्रयास : पूर्वविशिष्टलाई आजिवन सुविधा !' नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाको शुक्रबार दिएको यो अभिव्यक्तिले सरकार सत्कर्ममा छैन भन्ने संकेत गर्दछ ।

संसदका २ ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर सरकार बनाउने अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गरेका उनै नेता कोइराला वर्तमान सरकारप्रति असन्तुष्ट छन् । वर्तमान सरकारबाट राजनीतिक स्थिरतासँगै नागरिकको निराशालाई चिर्ने गरी काम हुन्छ भन्ने आम अपेक्षालाई सरकारका पछिल्ला गतिविधिले उपेक्षा गरेको भन्दै उनी पटकपटक असन्तुष्टि पोख्दै आएका हुन् ।

उसो त उनी सरकारसँग मात्र होइन, आफ्नै पार्टीको सत्तापक्षसँग पनि त्यत्तिकै रिसाएका छन् । संस्थापन इतर समूहको नेतृत्व गर्दै आएका डा. कोइरालाले एमालेको सत्ता सहयोगी बनेको कांग्रेस पनि एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी भएसँगै पार्टीलाई नै एमालेकरण गरेको आरोप लगाउँदै आएका छन् । पछिल्लो समय कोइरालाले वर्तमान सरकारले जनताका पक्षमा काम गर्न नसकेको र पार्टीको तर्फबाट सरकारमा गएका मन्त्रीहरूसमेत प्रधानमन्त्री ओलीको सहयोगी जस्तो मात्रै बनेको टिप्पणी गरेका हुन् ।

फागुन महिनामा कोइराला प्रमुख अतिथि बनेर ७ वटा कार्यक्रममा सहभागी भए । ती सबै कार्यक्रममा उनले ओली नेतृत्वको वर्तमान सरकार र पार्टीकै सत्तापक्षप्रति खुलेर आलोचना र टिप्पणी गरे । ६ फागुनमा नेपाल प्रेस युनियन जिल्ला अध्यक्षहरूको राष्ट्रिय भेला, ८ र ९ फागुनमा सुर्खेतमा पार्टीको कर्णाली प्रदेशस्तरीय कार्यक्रम, ११ फागुनमा बाँकेस्थित राप्तिसोनारी गाउँपालिकाको पार्टी कार्यक्रम, १३ फागुनमा नेपालगंजको कार्यक्रम, १८ फागुनमा रुपन्देहीमा पार्टीको प्रचार विभागको कार्यक्रम र २४ फागुनमा झापामा भएको कार्यक्रममा उनले सरकारको गतिविधि र कांग्रेसका सत्तापक्षले पार्टीलाई एमालेकरण गरेको आरोप लगाए ।

पार्टी सभापति शेरबहादुर देउवाले सरकार सही दिशामा अघि बढिरहेको दाबीसहित ओलीको समर्थनलाई थप मजबुद बनाउँदै २०८३ असारमा प्रधानमन्त्री बन्ने योजनामा छन् । गत १७ असारको मध्यरातमा भएको कांग्रेस-एमाले सत्तासहकार्यको ७ बुँदे सम्झौताअनुसार सभापति देउवालाई ओलीले २ वर्षपछि प्रधानमन्त्रीमा सहयोग गर्ने सहमति गरेका थिए । सोही सहमति कार्यान्वयन गराउन यतिबेला देउवा प्रधानमन्त्री ओलीको कुरा काट्न पृष्ठ २ मा


ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पुराना मुद्दा घटाउँदै सर्वोच्च

**२ वर्ष नाघेका मुद्दाको संख्या**

- आव २०७९/०८० : २४ हजार ६८८
- आव २०८०/०८१ : १७ हजार ७३४
- घटेको प्रतिशत : ३९.२१

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ चैत ।

२३ असोज २०७९ मा डा. तोसिमा कार्कीले ललितपुर निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यको चुनाव लड्ने गरी उम्मेदवारी दिइन् । उम्मेदवारी दर्ता सँगै चुनावी प्रचारमा लागिन । तर, निर्वाचन आयोगको उनको उम्मेदवारी १२ कातिक २०७९ मा खारेज गरिदियो ।


नेपाल मेडिकल काउन्सिलको सदस्य रहेको र काउन्सिल सदस्य पद सार्वजनिक पद र लाभको पद रहेको भनेर आयोगले उम्मेदवार हुन नसक्ने भनेर कार्कीको उम्मेदवारी खारेज गरेको थियो । लगत्तै कार्की सर्वोच्च अदालत गइन । २३ कातिक २०७९ मा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश कुमार चुडालको इजलासले उम्मेदवारी कायम राख्न अन्तरिम आदेश दियो । २८ कातिकमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीहरू ईश्वरप्राद खतिवडा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले चुडालको इजलासले दिएको अन्तरिम आदेशलाई नै निरन्तरता दिएर कार्कीको उम्मेदवारी कायम गरिदियो ।

> पुराना मुद्दाहरु फछ्यौट गर्ने विशेष रणनीतिअन्तर्गत २ वर्षे पुराना मुद्दाको संख्या बढी भएका अदालतहरुलाई विशेष प्राथमिकतामा राखिएको छ । रणनीतिअन्तर्गत काम गर्दा आर्थिक वर्ष २०८०/०८१ म मा दुई वर्षे पुराना मुद्दाको संख्यामा ३९.२१ प्रतिशतले कमी आएको हो ।

तर, निर्वाचन आयोग अदालतको यस्तो आदेश विरुद्ध सर्वोच्च अदालत गयो । कार्कीको उम्मेदवारी दर्ता सम्बन्धी विवाद अदालतमा बिचाराधीन रह्यो । कार्कीले चुनाव लडिन, जितिन र कार्यकालको झण्डै आधा कार्यकाल पृष्ठ २ मा

*रामहरि खतिवडा भन्छन्–*

- प्रजातान्त्रिक पद्धतिमार्फत जननिर्वाचित सांसदहरूबाट सरकार निर्माण हुने भएकाले यो संसदीय व्यवस्थाको विकल्प छैन ।
- लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । तथापि, निराशालाई आशामा परिणत गर्नु हामी सबैको दायित्व हो ।
- हामीले त्यो आशा दिन अलि सकिरहेका छैनौं मलाई पनि रहर होला नि, केन्द्रीय सदस्य मात्र बस्ने त म पनि होइन ।
- साथीहरू महामन्त्रीको पोस्ट भटाभट गर्न थाल्नुभएको छ ।
- हाम्रो पनि के कमी होला त योग्यता, क्षमता, काम गर्ने शैली, जनताबीचमा जाने, आफ्ना कुरा राख्ने, अरूका कुरा सुन्नेमा हामी पनि कमजोर छैनौं



विस्तृत अन्तर्वार्ता पृष्ठ ४ मा...

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा आन्दोलनमा उत्रिएका १३ नेपाली पक्राउ

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २ चैत

मलेसियाको पेराकमा सडक दुर्घटनामा सहकर्मीको मृत्यु भएपछि आन्दोलनमा उत्रिएका १३ जना नेपाली पक्राउ परेका छन् । शुक्रबार राति गाडीको ठक्करबाट सहकर्मीको मृत्यु भएपछि क्षतिपूर्तिको माग गर्दै १ हजारभन्दा बढी नेपाली श्रमिक सडकमा आएको बताइएको छ ।

नेपालीले केही समय सडक नै जाम गरेका थिए । मलेसिया प्रहरीले दंगा भड्काउने प्रयास गरेको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो । नेपाली कामदारलाई ठक्कर दिएको सवारी साधन भागेको र त्यस विषयमा अनुसन्धान भइरहेको मलेसियाको प्रहरीले बताएको छ । मलेसियाको कानुनअनुसार विदेशी कामदारले आन्दोलन गर्न पाउँदैनन् । त्यस्ता कुनै कार्य गरेको पाइएमा वा संलग्न भएको पाइएमा कानुनअनुसार कडा कारबाही हुने प्रावधान छ ।

## नियोग र व्यवसायीबीच आरोप–प्रत्यारोप

**काठमाडौं/मस–** कुवेतस्थित नेपाली राजदूतावासले राजस्वबाहेक नेपाली कामदारका लागि आउने मागपत्र प्रमाणीकरणमा अन्य कुनै रकम नलिएको बताएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व उपाध्यक्ष तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका पूर्वकार्यवाहक अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले एक सञ्चारमाध्यमसँगको कुराकानीमा दूतावासमा मागपत्र प्रमाणीकरणको जिम्मेवारी पाएका कर्मचारीले आफ्ना साला, जेठान वा अन्य आफन्तको बैंक खातामा तोकिएको रकम जम्मा नगरेसम्म मागपत्र प्रमाणीकरण नगरिदिने दाबी गर्दै आवश्यक परे प्रमाण सार्वजनिक गर्ने बताएका थिए ।

संघका सचिव कर्णराज कटुवालले पनि मागपत्र प्रमाणीकरणका लागि आउने रोजगारदाता र व्यवसायीलाई होटलमा बोलाएर मोलतोल गर्ने, सय जनाको भन्दा बढीको मागपत्र प्रमाणीकरणका लागि आएमा रोजगारदातालाई बोलाएर खण्डीकरण गरेर अर्को म्यानपावर कम्पनीका नाममा पनि मागपत्र बनाउन दबाब दिने गरिएको गुनासो व्यापक रूपमा आएको सचिव कटुवालले बताएका थिए ।

व्यवसायीहरूको उक्त सार्वजनिक भनाइलाई तथ्यहीन र भ्रामक भन्दै दूतावासले उक्त समाचारले दूतावासमा कार्यरत सबै कर्मचारीको चरित्र हत्या गर्ने उद्देश्य राखेको विज्ञप्तिमा उल्लेख गरेको छ । दूतावासले उक्त नियोगबाट कार्यसम्पादन पृष्ठ २ मा

# जब सृजनामा कैंची चल्छ...

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २ चैत

राजनीतिक वा अन्य बहानामा भइरहेको नेपाल बन्दलाई मुख्य विषयमा बनेको फिल्म हो 'हाइवे' । माओवादी सशस्त्र युद्धमा हिँडेको पात्रको परिवार र समाजको कथामा आधारित बनेको फिल्म हो 'सेतोसूर्य' । यस्तै, मधेश आन्दोलनले सिर्जना गरेको परिवेशको एउटा घटनामा केन्द्रित भएर फिल्म बनेको छ-राजागंज ।

राजनीतिक तथा सामाजिक विषयमा फिल्म बनाउँदै आएका दीपक रौनियारको तेस्रो फिल्म हो 'राजागंज' । तर यो फिल्मको चति चर्चा छ, त्यस्तै विवादमा पनि परेको छ । फिल्म रिलिज हुनुअघि नै यसमाथि सेन्सर बोर्डको कैंची चलेको छ ।

विश्वका थुप्रै फेस्टिभलहरू चहारिसकेको फिल्म 'राजागंज' १ चैतबाट प्रदर्शनमा पृष्ठ २ मा




## कहाँ भयो सेन्सर

सेन्सर गरेर बोर्डले 'राजागञ्ज'लाई 'यु' सर्टिफिकेट दिएको छ । फिल्मको मूल मर्म नै मर्ने गरी सेन्सर बोर्डले मुख्य दृश्यमा कैंची चलाएको रौनियार बताउँछन् ।

यो फिल्म मधेशको राजनीतिक मुद्दामा केन्द्रित भएर बनेको हो । यसमा मधेश आन्दोलनका दृष्य पनि समावेश छन् । मधेशी-पहाडीबीच दुर्भावना फैलाउन सक्ने आशंका र प्रधानमन्त्री ओलीलाई लाञ्छित गरिएका दृष्य-संवाद सेन्सर बोर्डले हटाइदिएको हो ।

'हामीसँग फिल्मका लागि लामो समय थिएन । समय नभएपछि पृष्ठ २ मा

# रैती शासन व्यवस्था फेरि ल्याउँछु भन्नु मुर्खता हो : मुख्यमन्त्री कँडेल

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २ चैत

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सत्ता संचालकका कमजोरीलाई लिएर गणतान्त्रिक व्यवस्थामाथि नै दोष थुपार्ने काम नगर्न आग्रह गरेका छन्। राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको कर्णाली प्रदेशस्तरीय दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले व्यक्तिको कमजोरीलाई व्यवस्थामाथि थुपार्दा गणतन्त्रमाथि प्रश्न चिन्ह गर्नेले मौका पाएको बताए।

मुख्यमन्त्री कँडेलले सत्ता संचालनमा देखिएको कमजोरीलाई लिएर व्यवस्थामाथि प्रहार




भइरहेको बताए। उनले भने,' सत्ता संचालनमा केही कमजोरी होलान, नागरिकका अपेक्षित अपेक्षा पनि पुरा भएनन् होला, ती सुधारेर जान सकिन्छ तर सत्ताको कमजोरीलाई व्यवस्थासँग तुलना गर्नु जायज होइन।' मुख्यमन्त्री कँडेलले गणतन्त्रमाथिको प्रहार सत्ता संचालकमाथिको मात्रै प्रहारको रुपमा नबुझ्न पनि आग्रह गरे। अहिले व्यवस्थामाथिको प्रहारले सत्ता संचालकमाथि मात्रै देखिएपनि त्यसले नागरिक अधिकारमाथि नै धावा बोलेको उनको भनाइ थियो।

जनताको लामो संघर्षपछि प्राप्त लोकतान्त्रिक व्यवस्थाको विकल्प अझ उन्नत खालको लोकतन्त्र भएको बताउँदै मुख्यमन्त्री कँडेलले फेरि रैती शासन व्यवस्था ल्याउँछु भनेर लाग्नु मुर्खता भएको र त्यस्तो मुर्खता नगर्न उनले सुझाव दिए। उनले भने,'जनताले लामो संघर्ष गरेर ल्याएको यो भन्दा अर्को उन्नत व्यवस्था छैन, कमजोरीहरु सच्चाउँ तर व्यवस्थामाथिको प्रहार बन्द गरौँ।,'

## पार्टी...

सक्ने अवस्थामा छैनन्। देउवाले पार्टीको १५ औं महाधिवेशन समेत आफू प्रधानमन्त्री भएपछि मात्रै गर्ने योजना अघि सारेपछि कोइराला थप रुष्ट बनेका हुन्। पार्टीको १५ औं महाधिवेशनमा सभापति बन्ने लक्ष्य लिएर देश दौडाहमा हिँडेका नेता कोइराला विधानअनुसार समयमै महाधिवेशन गर्नुपर्ने पक्षमा छन्।

यद्यपी संस्थापन पक्षका नेताहरूले महाधिवेशन सार्ने सभापतिको योजनालाई सफल बनाउन लागेका छन्। यसमा कोइराला पक्षकै पक्षमा रहेका पदाधिकारीहरूसमेत लागेका छन्। तर, कोइराला पछिल्ला कार्यक्रममा एक्लै जस्ता देखिएपनि उनलाई संस्थापन पक्षका केही नेताहरूले साथ दिएको देखिन्छ। उनी हरेक अभियानमा सरकार र पार्टीको संस्थापन पक्षप्रति चर्को आलोचनामा उत्रिएको देखिन्छ।

'राजनीति स्थिरता, सुशासन, समृद्धि र सेवा प्रवाहलाई चुस्त बनाउन यो सरकार बनेको हो', डा. कोइरालाले भने 'हामीहरूले २ वटा ठूला दल मिलाएर सरकार त बनायौं, तर जनतामा आशा जगाउन सकेनौं। त्यसतर्फ सरकारमा बसेकाहरूले ध्यान दिन सकेको छैन। हाम्रा साथीहरू सरकारमा हुनुहुन्छ उहाँहरूले राम्रोसँग सत्तापक्षकै काम गर्ने हो। तर हाम्रो प्रतिस्पर्धी एमाले भएकाले सरकार बाहिर रहेका कांग्रेसका नेताहरूले सरकारका कमजोरीलाई केलाएर सुझाव दिने, खबरदारी गर्ने र पार्टीलाई बलियो बनाउने गरी काम गर्ने हो।'

कोइरालाले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बक्यौता उठाउने कदममा हस्तक्षेप गर्दै सरकारले उद्योगीको पक्षमा उभिएको, उपसभामुख इन्दिरा रानामगरलाई हटाउन खोजिएको, दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने प्रयास भएकोमा ओली सरकारसँग असन्तुष्टी पोखेका थिए। उनले संसद सुरु हुनुभन्दा केही समय अघि ल्याइएका भूमिसम्बन्धी र अन्य ५ अध्यादेशको समेत विरोध गरेका थिए। त्यस्तै सरकारले बनाएको कांग्रेस-एमाले सम्मिलित उच्चस्तरीय राजनीतिक संयन्त्रको समेत विरोध गरेका छन्। स्थानीय तहदेखि संघीय सरकारसमेत संयन्त्रले चलाउन लागेकोप्रति आपत्ति जनउँदै उनले प्रश्न गरे 'स्थानीय, प्रदेश र संघीय सरकार राजनीतिक संयन्त्रले चलाउने हो भने सरकारको के काम ?' उनले माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को सरकार रहेका बेला पहिलो दल कांग्रेस र दोस्रो ठूलो दल एमाले मिल्नुपर्छ भनेर पहलकदमी पनि गरेका थिए। कोशी प्रदेशमा आफू निकटका नेता केदार कार्कीलाई एमालेकै समर्थनमा मुख्यमन्त्रीसमेत बनाउन सफल कोइराला अहिले स्थायित्वका लागि संविधान संशोधनसमेत गर्ने भनेर बनेको एमालेसँगको गठबन्धन सरकारले काम गर्न नसकेको आरोपमा खरो उत्रिएका छन्। त्यसको विपक्षमा कांग्रेस संस्थापन पक्षकै नेताहरूले कोइरलाप्रति टिप्पणी गर्न थालेका छन्।

कोइरालाको यो शैलीप्रति प्रचार विभाग प्रमुख मीन विश्वकर्माले नेता कोइरालाको अभिव्यक्ति दलीय संस्कृतिविपरीत भएको बताए। 'संगठन वा पार्टीभित्र दलीय जिम्मेवारी र दलीय विशेषता हुन्छ, जसकारण कहिलेकाँही व्यक्तिगत रूपमा आफूलाई मन नपर्ने निर्णय पार्टीले गर्‍यो भने पनि त्यसलाई हामी आफ्नो निर्णय मान्छौँ। त्यो दलीय संस्कृति विपरित हो', उनले भने। लोकतन्त्रमा आफ्ना अभिव्यक्तिहरू खुलेर राख्न पाइन्छ, सरकारलाई सुझाव दिने आलोचना गर्ने कुरा स्वभाविक भएपनि पार्टी नेताहरूका विरुद्धमा लाग्नु अशोभनीय र पार्टी हित विपरित हुने विश्वकर्माको भनाइ छ। तर, २ ठूला दल मिलेर सरकार बनाउँदा पनि राम्रो 'परफर्मेन्स' र राम्रो 'डेलिभरी' भएन भनेर खबरदारी गर्नुलाई लोकतन्त्रको सौन्दर्य र सुशासनको पक्षमा भएको कोइराला निकटका नेता गुरुराज घिमिरेको भनाइ छ।

## पुराना...

सकाइन्। आधा कार्यकाल सकिन लागेपछि सर्वोच्च अदालतले कार्कीको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णय बदर गरिदियो। अर्थात, कार्की झण्डै आधा कार्यकालसम्म आफ्नो उम्मेदवारीको सम्बन्धमा अदालतमा कस्तो फैसला आउने हो भनेर सतर्क भइराख्नुपर्‍यो। एउटा सांसदले त समयमै न्याय पाउँदैन भने आम मानिसको हकमा कस्तो होला ? तथापि, ढिलो भएता पनि सत्यको जित भएको भनेर कार्की खुसी भइन।

'अन्ततः सत्यको जित भएको छ। यो जित सँगसँगै लाभको पदको परिभाषा पनि स्थापित भएको छ' सर्वोच्च अदालतको फैसलापछि कार्कीले सामाजिक सञ्जालमा लेखेकी छन्।

न्याय प्रणाली माथिको विश्वास पनि बलियो बनाएको उनको प्रतिक्रिया छ। 'सुरुवाती दिनदेखि नै नयाँ युवा राजनीतिमा आउन खोज्दा रोक्न छेक्न खोजिएकोमा अन्तत अदालतले स्थापित गरेको छ। हामीलाई अदालत माथी विश्वास थियो र यस सँगै हाम्रो न्याय प्रणाली माथिको विश्वास झन बलियो भएको छ' उनले लेखेकी छन्।

सर्वोच्च अदालत स्वयम पनि समयमै न्याय पाउन नसकेको आम नागरिकको गूनासोसँग सहमत छ। जनशक्ति लगायतका कारणले समयमै न्याय दिनमा सकस परिरहेको अदालतका अधिकारीहरूको तर्क रहने गरेको छ। तथापि, पूराना मुद्दा घटाउँदै जाने नीति सर्वोच्च अदालतको छ। सर्वोच्च अदालतको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनले डा. कार्कीको जस्ता पूराना मुद्दाको संख्या घटाएको छ।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा सर्वोच्च अदालतसहित सबै अदालतमा २ वर्ष नाघेका पुराना मुद्दाहरूको कुल लगत २४ हजार ६८८ रहेको थियो।

यो संख्या आर्थिक वर्ष २०८०/०८१ मा घटेर १७ हजार ७३४ मा आइपुगेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा ३९.२१ प्रतिशतले घटी हो।

सर्वोच्च अदालतको प्रतिवेदनमा आर्थिक स्रोत र जनशक्तिको सीमा तथा अनेकन प्रतिकूलताका बाबजुद न्यायपालिकाले पुराना बक्यौता मुद्दा फछ्र्यौटमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएको छ। यसका लागि कार्ययोजना बनाएरै त्यसको कार्यान्वयनलाई निरन्तरता दिइएको प्रतिवेदनमा उल्लेख छ।

सर्वोच्च अदालतमा पाँच वर्ष नाघेका सबै मुद्दा तथा रिटहरू आर्थिक वर्ष २०८२/०८३ को अन्त्यसम्म फैसला गरिसक्ने लक्ष्य छ। तीन वर्ष नाघेका सबै मुद्दा तथा रिटहरू आर्थिक वर्ष २०८४/०८५ को अन्त्यसम्ममा र दुई वर्ष नाघेका सबै मुद्दा तथा रिटहरू आर्थिक वर्ष २०८५/०८६ को अन्त्यसम्ममा शून्यमा ल्याउने गरी कार्ययोजना अगाडि बढाइएको छ।

उच्च र जिल्ला अदालतहरूमा १८ महिनाको अवधि नाघेका बाँकी मुद्दा तथा रिट निवेदन आर्थिक वर्ष २०८१/०८२ सम्ममा फछ्र्यौट गर्ने गरी लक्ष्य निर्धारण गरिएको छ। २०७७ साल साउन १ गतेदेखि जिल्ला अदालतहरूमा र २०७७ साल भदौ १ गतेदेखि उच्च अदालतहरूमा फरक मुद्दा व्यवस्थापन पद्धति लागु गरिएको छ। यो पद्धति लगु गरेर मुद्दालाई सरल, सामान्य र विशेष मार्ग समूहमा वर्गीकरण गरी क्रमशः ६ महिना १२ महिना र १८ महिनाभित्रै फछ्यौट गर्ने लक्ष्य लिइएको छ। यस अनुरूप १८ महिना नाघेका पुराना मुद्दाहरू उच्च अदालतमा न्यून संख्यामा रहेको भए पनि जिल्ला अदालतहरूमा अझै पनि त्यस्ता मुद्दाहरू उल्लेख्य रूपमा रहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा उल्लेख भएअनुसार पुराना मुद्दाहरू फछ्यौट गर्ने विशेष रणनीतिअन्तर्गत दुई वर्षे पुराना मुद्दाको संख्या बढी भएका २८ वटा अदालतहरूलाई विशेष प्राथमिकतामा राखिएको छ। यस अन्तर्गत काम गर्दा आर्थिक वर्ष २०८०/०८१ म मा दुई वर्षे पुराना मुद्दाको संख्यामा ३९.२१ प्रतिशतले कमी आएको हो।

## नियोग...

सम्बन्धमा भइरहेको निरन्तर सुधारका बारेमा सरोकारवाला निकायहरू, वैदेशिक रोजगार व्यवसायीहरू र रोजगारदाताहरूबाट निरन्तर सकारात्मक प्रतिक्रिया पाएको पनि उल्लेख गरेको छ।

दूतावासले कुवेतको वैदेशिक रोजगारीमा रहेका र भविष्यमा जाने कामदारको हितलाई केन्द्रविन्दुमा राखेर पेश भएका मागपत्र नेपाल सरकारले तोकेको प्रक्रिया अनुसार प्रमाणीकरण हुने गरेको उल्लेख गर्दै विज्ञप्तिमा दूतावासबाट प्रवाह गर्ने सेवा चुस्त दुरुस्त र प्रभावकारी बनाउन प्रयासरत रहेको बताएको छ।

## जब...

आएको छ। तर, फिल्मलाई केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले कैंची चलाएपछि यसको चर्चा बढेको हो। बोर्डले केही दृश्य तथा शब्दहरूमा आपत्ति जनाउँदै सेन्सर गरेको छ। विशेषगरी बोर्डले २३ भदौ २०७२ मा एमालेको अध्यक्षको रूपमा प्रधानमन्त्री केपी शर्मा ओलील केही दलले संविधानसभा छाड्दैमा संविधान निर्माण प्रक्रिया नरोकिने बताएका थिए। संविधानसभाबाट बाहिरिनेहरूलाई ओलीले 'रुखबाट झरेका केही आँप'को संज्ञा दिएका थिए।

त्यतिबेला ओलीले दिएको उक्त भनाई विवादित पनि बनेको थियो। धेरैले उनको टिप्पणीलाई असंवेदनशील भनेको थिए। त्यही 'क्लिप' फिल्म 'राजागंज' मा रौनियारले समावेश गरेका हुन्। जसलाई फिल्मको कथामा 'क्लु' का रूपमा मात्र प्रयोग गरिएको हो। ओलीको उक्त भनाइलाई फिल्ममा समावेश गरिएकोमा बोर्डले आपत्ति जनाएको हो। त्यसलाई हटाउन वा फिल्ममा समावेश गर्नैपर्ने भए प्रधानमन्त्रीको कार्यालयबाट अनुमतिसहितको पत्र लिएर आउन सेन्सर बोर्डले निर्देशन दिएको थियो।

निर्देशक रौनियारका अनुसार बोर्डले प्रधानमन्त्री, कालो-गोरो जस्ता शब्द समेत नराख्न भनेको छ। त्यो हटाउँदा फिल्म नै मर्ने उनी बताउँछन्। यद्यपी सेन्सर हुनुभन्दा अगाडि नै फिल्म इटहरी, विर्तामोड, जनकपुर, चितवन जस्ता सहरमा प्रिमियर शो आयोजना गरिसकेको थियो। यो फिल्म सेन्सर पास नहुँदै यही वर्षको भेनिस फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियर गरिएको थियो।

## कहाँ ...

काटिएका दृश्य खाली छाडेर हलमा गएछौँ', रौनियारले भने। उनका अनुसार प्रधानमन्त्रीले त्यसबेला 'कुहेका आँपहरू झरे' भनेर मधेशी दलहरूबारे गरेको टिप्पणी पूरै हटाउन लगाइएको छ। इन्स्पेक्टरको भूमिकामा रहेकी निकिता चण्डकले प्रधानमन्त्रीको उक्त डाइलग उद्धृत गर्दै बोलेको संवाद पनि हटाइएको छ। सेन्सर बोर्डले तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासन हत्याएका बेला पत्रिकाका शब्द शब्द सेनाले काटेकै शैलीमा दृश्य र संवाद काटेको भनाइ निर्देशक रौनियारको छ। रौनियारले सेन्सर बोर्डको यो कदमलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको धावा बोलेको टिप्पणी गरेका छन्। 'प्रधानमन्त्री जनताकै छोरा हुन्। उनकोबारे कमेन्ट गर्न नपाइने हो र ?', रौनियारले भने, 'सिनेमासँग किन शासक डराइरहेका छन् ? जनतामा देखिएको फ्रस्टेसन यस्तै कारणले हो।' फिल्मबाट यो क्लिप हटाउनुलाई फिल्मकर्मीहरूले निरंकुशताकै झझल्को भएको टिप्पणी गर्छन। चलचित्र निर्देशक नविन सुब्बाले भने, 'न पत्रिकामा, न अनलाइन मिडियामा, न अन्य डिजिटल प्लेटफर्ममा सेन्सर हुन्छ। केबल फिल्मलाई मात्र किन ?' उनका अनुसार अन्य देशहरूमा चलचित्रलाई उमेरअनुसार ग्रेडिङ मात्र गरिन्छ, दृश्यहरू जबरजस्ती हटाईंदैन। 'भारतमा सेन्सर प्रणाली दोस्रो विश्वयुद्धपछि ब्रिटिशहरूले ल्याएका थिए। अधिनायकवादी र कम्युनिस्ट देशहरूमा मात्र यस्तो हुन्छ। हाम्रो देश लोकतान्त्रिक हो भने किन यो पालना गर्नुपर्छ ?'

सार्वजनिक भाषणलाई सर्जकले रचनात्मक रूपमा प्रयोग गर्दा सरकार डराएको निर्देशक सुब्बा बताउँछन्। अभिनेता दयाहाङ राईले आफ्ना चलचित्रहरूसँग तुलना गर्दै सेन्सर नियमको कठोरताको आलोचना गरे। 'मेरो फिल्ममा अमेरिकी कविताको एक दृश्य छ, अब यदि सेन्सर नियम पालना गर्नुपर्छ भने त्यहाँबाट अमेरिका शब्द नै हटाउनुपर्छ,' उनले भने।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई मधेशको कथावस्तु र पहाड तथा मधेशको सम्बन्धको कथामा राजागंज उत्कृष्ट फिल्म रहेको प्रतिक्रिया दिएका छन्।

फिल्मको प्रिमियर हेर्न पुगेका भट्टराइले भनेका थिए, ' मधेश आन्दोलनको सेरोफेरोमा बनेको र म त्यसको प्रत्यक्ष साक्षी हुनुको नाताले पनि यो धेरै वस्तुवादी तथ्यपरक छ। 'तर, मलाई दुःख के लाग्यो भने जुन फिल्म हामीले हेर्न पायौं, पूर्णरूपमा यसका केही महत्वपूर्ण अंशहरू काटिएको छ भन्ने सुनें। यदि मुख्य अंश काटिएको हो भने, यो त फिल्मको टाउकै काटिएजस्तो हुन्छ', उनको भनाइ थियो।

**साउदीमा रोजगार**

कम्पनी: DAILY FOOD TRADING COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/०२ — चलानी नं.: ६०२३४५३७ — L.T. No.: 320416

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GCC Heavy Drivers | 2 | 0 | स. काममा दक्ष | 1500 | ५५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५५२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**Belaka Municipality**
**Office of the Municipal Executive**
**Rampur, Udayapur**
**Koshi Province, Nepal**

**Invitation for Sealed Quotation**

**First Date of Publication: 2081/12/03 (16-03-2025)**

1. The Belaka Municipality office invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under Sealed Quotation Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 09/BELAKA/ SQ/W/2081-082 | Construction of compound wall at Primary Health post, Ward No. 8 | 908,320.36 | 25,000.00/- (Validity 75 days) | 1000/- | 31-03-2025 12:00 | 31-03-2025 13:00 |
| 2 | 10/BELAKA/ SQ/W/2081-082 | Construction of compound wall at ward office, Ward No. 8 | 838,786.79 | 25,000.00/- (Validity 75 days) | 1000/- | 31-03-2025 12:00 | 31-03-2025 13:00 |
| 3 | 11/BELAKA/ SQ/W/2081-082 | Compound Wall mathi Gherabera Tatha Dhoka ra Wall maa Rang Rogan, Ward No. 2 | 356,148.01 | 10,000.00/- (Validity 75 days) | 1000/- | 31-03-2025 12:00 | 31-03-2025 13:00 |
| 4 | 12/BELAKA/ SQ/W/2081-082 | Upgrading Work of Belha Pipal Chowk-Bandada krishi Hat hudai Jangleko Mukh samma Krishi Sadak, Ward No. 2 | 710,829.86 | 20,000.00/- (Validity 75 days) | 1000/- | 31-03-2025 12:00 | 31-03-2025 13:00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S websitewww.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

**Department of Roads**
**Road Division, Nepalgunj**

**Invitation for Bids**

**Notice No.: 08/081/82**

**Date of Publication: 2081/12/03 BS (2025/03/16 AD)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Road Division, Nepalgunj invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description of work | Bid Security Amount (NRs). | Bid Security Period in days | Estimated Amount Without VAT & PS (NRs.) | Non- Refundable Bid Document Purchase fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | RDNGJ/3370113/081/82-43 | Recurrent maintenance work ( Painting & Furnishing On Bridge, Railing Posts, Railing Pipe, Bridge Sign Boards, and Delineator Posts Along Ratna Rajmarg (Jamunaha-Harre Section) | 1,66,000 | 120 | 5,555,499.16 | 3000 | Single Envelope |
| 2 | RDNGJ/3370113/081/82-44 | Repair and Maintenance of Road and Bridge and Painting Works along East-West Highway (Mankhola-Rammapur Section, Ch=836+300 to 857+500) | 1,50,000 | 120 | 5,026,812.24 | 3000 | Single Envelope |

| | |
|---|---|
| Account No. for bid document purchase/Bid Fee | Rastriya Banijya Bank, Nepalgunj, A/C No. 100010020001000; Office Code: 337015701, Road Division, Nepalgunj, Revenue Heading No.: 14229; District treasury Controller Office (Ko.Le.Ni.Ka.), Nepalgunj. (Mention purpose of deposit stating contract No. clearly). |
| Account No. for bid security deposit | Rastriya Banijya Bank: 4130100102030000 of District Treasury Controller Office (Ko.Le.Ni.Ka) or Bank Guarantee (issued by 'A' class commercial Bank) Office Code: 337015701, Road Division, Nepalgunj (mention purpose of deposit stating contract No. clearly). |

1. For additional information, please visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and inspect the bidding documents; Bidders shall submit their bids electronically only.

**Division Chief**

# ‘दरबार हत्याकाण्डको पुनः छानबिन गर्नुपर्छ’



**काठमाडौं/मस**–नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले तत्कालीन राजा वीरेन्द्रको वंशनाश हुनेगरी भएको दरबार हत्याकाण्डको पुनः एकपटक छानविन गर्न जरुरी रहेको बताएका छन् ।

समाजवादी मोर्चाले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले आफूले तत्कालीन समयमा र गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री भएपछि पनि दरवार हत्याकाण्डको पुनः छानविन गर्नुपर्ने भन्दै आएको बताए ।

सिन्धुपाल्चोकमा शुक्रबार पनि उनले पूर्वराजा ज्ञानेन्द्रलाई वंशनाश गर्ने भाइमारा, मूर्तिचोर र सुन तस्करीको नाइकेको संज्ञा दिएका थिए ।

सोही सन्दर्भमा पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरूले राखेको जिज्ञासाको जवाफ दिँदै उनले भने, ‘आफूले पुरानै तथ्यमा आधारित भएर अभिव्यक्ति दिएको हुँ । एकपटक दरबार हत्याकाण्डको पुनः छानविन आवश्यक छ ।’

‘मैले हिजो जे बोलेको छु, त्यो धेरै पहिलादेखि नै बोलिराखेको कुरा हो । दरबार हत्याकाण्ड भएको लगतै, जतिबेला हामी भूमिगत थियौं, त्यतिबेला पनि यही कुरा बोलिएको थियो । म पहिलो चोटी गणतन्त्र नेपालको प्रधानमन्त्री भएपछि पनि त्यही कुरा बोलिएको थियो । मैले छानविन आयोग बनाउन जरुरी छ भनेर त्यतिबेला नै भनेको थिएँ ,’ उनले भने ।

दाहालले राजावादीको प्रदर्शनले भस्केको नभई गणतन्त्रका पक्षधरहरूले जनतासमक्ष त्रुटि स्वीकार गर्दै अघि बढ्न खोजेको बताए ।

समाजवादी मोर्चा सरकारमा जानका लागि नभई मुलुकको परिवर्तनलाई जोगाउँदै बलियो बनाउनका लागि गठन भएको उनले स्पष्ट पारे ।

# सरकार विचौलिया र दलालहरूको स्वार्थमा केन्द्रित : समाजवादी मोर्चा



**काठमाडौं/मस**–प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)सहित ४ दल आवद्ध समाजवादी मोर्चाले राज्यसत्ताको बागडोर सम्हालेकाहरूको अलोकतान्त्रिक रवैया र गतिविधिका कारण नेपाली जनताको एकपछि अर्को अधिकारहरू कुण्ठित हुँदै गइरहेको निष्कर्ष निकालेको छ ।

शनिबार काठमाडौंमा पत्रकार सम्मेलनमार्फत् धारणा सार्वजनिक गर्दै मोर्चाले राज्य सञ्चालकको स्वच्छाचारिताका कारण देशले अप्ठ्यारो र संकटपूर्ण अवस्थाको सामना गरिरहेको बताएको हो ।

भ्रष्टाचार, कमिशन र कालोबजारीले अर्थतन्त्र संकटग्रस्त रहेको, जनताको जनजीविका कहालीलाग्दो अवस्थामा पुगेको र सरकार भने विचौलिया दलालहरूको स्वार्थसिद्धिमा केन्द्रित रहेको मोर्चाको निष्कर्ष छ । अध्यादेशमार्फत सरकार चलाउने, सदनलाई छल्ने र संसदमा दर्ता भएका महत्पूर्ण विद्येयकहरू नियन्त्रण गरी राख्नेमा सरकार उद्दत रहेको, सरकारको कुशासन र अस्तव्यस्तताका कारण नेपाली जनतामा एकपछि अर्को असन्तुष्टी र आक्रोश तीव्ररूपमा बढ्दै गएको मोर्चाले बताएको छ । सरकारको यस्तो प्रकारको रवैयाले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रको स्वाधीनता र नेपाली जनताको समाजवादको यात्रामा गम्भीर चुनौति देखा परेको मोर्चाको निष्कर्ष छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको विकासमा गतिहीनता, सरकारको मानोमानी, देश एवम् जनताको हितविपरीतका गलत क्रियाकलापका कारण जनतामा असन्तुष्टि पैदा हुँदा राजतन्त्र पुनर्स्थापनाको षड्यन्त्रमा प्रतिगामी र पुनर्उत्थानवादी तत्वहरू लागि परेको मोर्चाको निष्कर्ष छ । मोर्चाले गणतन्त्रका विरुद्ध राजतन्त्र पुनर्स्थापनाको षड्यन्त्रमा प्रतिगामी र पुनर्उत्थानवादी तत्वहरू लागेको भन्दै यसको सशक्त प्रतिवाद गर्नु, गणतन्त्रको रक्षा गर्नु र नेपाली विशेषताको समाजवादको दिशामा अगाडि बढ्नु वर्तमान राष्ट्रिय राजनीतिको मुख्य कार्यभार रहेको बताएको छ ।

षड्यन्त्रका विरुद्ध एकता, सहकार्य र संयुक्त विरोध आन्दोलनको नेतृत्व गर्नु अहिलेको वस्तुस्थितिको अहम् जिम्मेवारी बन्न गएको निष्कर्षसहित मोर्चाले चैत १५ गते काठमाडौंमा विरोध प्रर्दशनसहितको जनसभा आयोजना गरेको छ ।

# कोरला नाकामा आन्तरिक पर्यटकको क्रेज



**मुस्ताङ/मस**–पछिल्लो समय नेपाली स्वदेशी पर्यटकका लागि उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उत्तरी कोरला नाका निकै चर्चामा छ । कोरला नाकामा पुगेर त्यहाँको दजगजा सीमास्तम्भमा फोटो खिच्नेदेखि नेपाली भूमिबाट उत्तरतर्फ अवस्थित चीनको स्वशासित क्षेत्र तिब्बतको पठार भूमिमा निर्माण भइसकेका भव्य संरचना अवलोकन गर्ने नेपाली स्वदेशी पर्यटकको क्रेज ह्वात्तै बढेको छ ।

त्यसो त चीनसँग सिमाना जोडिएको कोरला नाका क्षेत्रको पठार भूमि र त्यहाँबाट देखिन मनोरम दृष्यहरूले त्यहाँ पुग्ने जोकोही पर्यटक माहित नहुने त कुरै भएन । त्यसैका कारण गर्मीयाम सुरू भएसँगै अहिले दैनिक एक सयभन्दा बढी मात्रामा नेपालका स्वदेशी पर्यटक कोरला नाकासम्म पुगेर फर्किने गरेका छन् ।

भारतीय नाकाबन्दीपछि एकाएक निकै नै चर्चामा आएको कोरला नाका पुगेर फर्किनेको ताँतीनै लाग्ने गरेको छ । जसका कारण उपल्लो मुस्ताङका पर्यटन व्यवसाय निक्कै नै उत्साहित भइरहेका छन् ।

भारतीय नाकाबन्दी अघि गुमनाम रहेको उत्तरी कोरला नाकाले चर्चा जति बेला पायो, त्यसको कारण थियो उत्तररदक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजना । तत्कालीन सरकारले उत्तरी नाकाहरूमा पनि व्यापारिक मार्ग खोल्नुपर्ने योजना बनाएपछि आर्थिक वर्ष २०७३-०७४ सालदेखि (बेनी-जोमसोम-कोरला) सडक स्तरोन्नति सुरूआत गरिएको थियो । २ सय दुई किमी बेनी-जोमसोम-कोरला सडकअन्तर्गत करिब १०५ किलोमिटर कालोपत्र भइसकेको र बाँकी ९९ किलोमिटर सडक ग्राभेल भइसकेकाले नेपाली पर्यटकलाई कोरला नाकासम्म पुग्न निकैनै सहज भइसकेको छ । जसका कारण नेपाली पर्यटक बस, जीप र मोटरसाइकल यात्रा गर्दै कोरला नाकासम्म पुग्न गरेका हुन् ।

बेनी-जोमसोम सडक ७४ किमी र जोमसोम-कोरला ११० किमी सडक एकदिनमै कोरला नाकासम्म पुग्न सक्छन् । सडक सहज भइसकेकाले नेपाली युवायुवतीको कोरला नाकामा लर्कोनै लाग्ने गरेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केसीले जानकारी दिनुभयो । कोरला नाका अवलोकन गर्ने पर्यटकका कारण उपल्लो मुस्ताङको पर्यटन व्यवसायलाई निकै ठूलो टेवा पुगेको प्रशासन प्रमुख केसीको भनाइ छ ।

शुक्रबार कोरला नाकाको अवलोकन गरी फर्किएका पोखरा माधव क्षेत्रीले कोरला नाकालाई नेपाल सरकारले व्यवस्थित तुल्याउन आवश्यक रहेको औंल्याए । ‘सडकको अवस्थामा निकै राम्रो सुधार भएको पायौँ, यति ठूलो नाकामा पर्यटक तथा स्थानीय नागरिकको सुविधाका लागि भरपर्दो पूर्वाधार भएको पाइएन’, क्षेत्रीले भने, ‘चीनतर्फ लोभलाग्दो भव्य संरचना बनिसकेको रहेछ, हाम्रोतिर खै कहिले बन्ने ? ।’

स्याङ्जाका अर्को पर्यटक रामजी पौडेलले उत्तरी कोरला नाका पर्यटन र नेपाल-चीनको व्यापारिक मार्ग भएकाले त्यहाँ अथाह सम्भावना रहेको कोरला नाकाबाट चीनको मानसरोवर यही नाकाबाट पुग्न छिटो र सजिलो भएकाले यसतर्फ सरकारले अग्रसरता देखाउन आवश्यकता रहेको औंल्याए ।

# अवैध रक्सीसहित भारतीय नागरिक पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ चैत

रौतहटको ईशनाथ नगरपालिका ५ जयनगर सीमानाकाबाट लाखौंको रक्सीसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । ईलाका प्रहरी कार्यालय राजपुरका वरिष्ठ प्रहरी नायव निरीक्षक अशोक कुमार कुर्मीको नेतृत्वमा खटिएको प्रहरी टोलीले ठूलो मात्रामा रक्सीसहित दुईवटा मोटरसाइकल र एक युवकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारतको बिहार राज्य पूर्वी चम्पारण भसेडवा वडा नं १९ का २० वर्षीय सन्तोष यादव रहेका छन् । उनको साथबाट अन्दाजी २ लाख रुपैयाँ बराबरको रक्सी समेत बरामद गरिएको छ । यस्तै भारतीय नम्बर प्लेट भएका दुईवटा मोटरसाइकल बि आर ०५ डी ४३३१ तथा बि आर ०५ एसी ३३११ पनि बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका यादव, मोटरसाइकल र रक्सीलाई आवश्यक अनुसन्धान तथा कानूनी प्रक्रिया पूरा गर्न गौर भन्सार कार्यालयमा बुझाइएको छ ।


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES LLC शहरः DUBAI
पुर्व स्वीकृत मितिः २०८१/१२/०१ चलानी नं.: ६०२३४४५९ LT. No.: 319166

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drivers | 200 | 0 | स. काममा दक्ष | 1700 | ६४,२९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २६७/०५८/०५९

## अरनिको ओभरसिज प्रा. लि.

पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com


# डोल्पो बुद्ध गाउँपालिका

དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा**

**कर्णाली प्रदेश, नेपाल**

## Invitation for Electronic Bids

**Date of publication: 16-03-2025 (2081-12-03 BS)**

1. ***Dolpo Buddha Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following works*** under National Competitive Bidding procedures.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (Exclusive of PC, VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Tinje Prasuti Sewa Kendra Bhawan Nirman Ra Dolpa Jilla Dolpo Buddha Ga.Pa. Tinje Himali Shaharma Purwadhar Nirman | DBRM/DOLPA/WORKS/NCB/08-081/082 | NRS. 4888432.35/- | 1,50,000/- | Bidding Document Fee NRs 3,000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Rastriya Banijya Bank Ltd.**

   Name of Office: **Dolpo Buddha Rural Municipality, Dolpa**

   Office Account no.: **4540100301010002** Rajaswa (revenue) Shirshak no.: **14229**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***10:00*** on ***15-04-2025(2082-01-02 BS)***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on ***15-04-2025(2082-01-02 BS)*** at ***11:00*** at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa***.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३ चैत २०८१ आइतबार
16 March 2025, Sunday

## सम्पादकीय

# मिनी मध्यावधिको मर्यादा

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) को चुनाव दलहरूका निम्ति मुख्य एजेण्डा बनेको छ । मिनि मध्यावधि समेत मानिने स्ववियू चुनावका निम्ति आंगिक र सम्बन्धन प्राप्त गरी एक हजार बढी क्याम्पसहरूमा अहिले चुनावी चहलपहल छ । आगामी ५ चैतमा मतदान हुने भएकाले पनि प्रचार–प्रसारको समय लगभग सकिएको छ । दलगत विद्यार्थी संगठनका तर्फबाट र स्वतन्त्र उम्मेद्वारी दिएका विद्यार्थीहरूले आ–आफ्ना पक्षमा मत मागिरहेका छन् । मौन अवधि सुरू भइसकेकाले क्याम्पस परिसरमा मत माग्ने कार्य रोक लागिसकेको छ । यद्यपि सामाजिक सञ्जालका माध्यमबाट उम्मेद्वारहरूले मत मागिरहेका छन् । विद्यार्थी संगठनका केन्द्रीय नेताहरू आफ्ना उम्मेद्वार जिताउन खटिएका छन् ।

तर आमसञ्चार माध्यमहरूमा भने चुनाव हुने भन्दा पनि नहुने क्याम्पसहरूको चर्चा चलिरहेको छ । सबैभन्दा बढी चर्चा त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरकै छ । त्यहाँ नेपाली कांग्रेस निकट नेविसंघको आन्तरिक विवादका कारणले चुनावी प्रक्रिया अगाडि बढ्न सकेको छैन । त्रिवि जस्तै समस्या राजधानीका ठूला क्याम्पसहरूमा पनि छ । शंकरदेव, नेपाल ल क्याम्पस, विश्वभाषा, थापाथली कलेज, पद्मकन्या र पब्लिक युथ क्याम्पसमा चुनावी प्रक्रिया अवरूद्ध छ । देशभरका अरू ११ आंगिक क्याम्पसमा पनि चुनावी प्रक्रियामा समस्या छ । यी क्याम्पसहरूमा चुनावी प्रक्रिया प्रभावित बन्नुमा नेतृत्व हत्याउने स्वार्थ नै हो । त्यस्तो स्वार्थ अन्तर संगठनबीच मात्र नभएर आफ्नै संगठनभित्र पनि देखिएको छ ।

उच्च शिक्षा अध्ययन गरिररहेका विद्यार्थीहरूकै चुनावमा समस्या देखिनु राम्रो संकेत होइन । किनकि यो चुनावका मतदाता स्नातक अध्ययन गरिरहेका विद्यार्थीहरू हुन् । एकहिसाबले भोलि देश हाँक्ने मानिसहरू यो चुनावी प्रक्रियामा छन् । विगतका नजीर हेर्दा पनि स्ववियू चुनावका उत्पादन भोलि देशकै नेता हुन् । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलदेखि पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा समेत स्ववियूकै उत्पादन हुन् । राजनीतिक क्षेत्रमा मात्र नभएर प्रशासनिक, सुरक्षा निकाय लगायत हरेक क्षेत्रमा विद्यार्थी राजनीतिका उत्पादनहरू छन् । तसर्थ स्ववियू चुनावलाई मर्यादित, निष्पक्ष र शान्तिपूर्ण तरिकाले सम्पन्न गरिन आवश्यक छ । स्ववियू चुनावमा हुने अभ्यास भोलि देशकै अभ्यास हो । तर जसरी पनि जित्ने विकृत राजनीतिको प्रभाव स्ववियू चुनावमा परिरहेको छ । निर्धारित मितिमा चुनाव नभएका क्याम्पसहरू शक्ति संघर्षकै उदाहरण हुन् ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

सत्तारूढ दलकै भन्छन्- भ्रष्टाचारका सबै काण्ड र सम्पत्ति छानबिन गरौं । गर्ने/गराउने कसले ? अख्तियार, सम्पत्ति शुद्धीकरणलगायत सबैतिर तिनकै प्यादा छन् । संसदीय र न्यायिक छानबिनको निष्पक्षतामा कसैको विश्वास छैन । नागरिक आयोग बनाउन न त ! मान्छन् तिनका शीर्ष नेता ? पपुलिस्ट भाषण मात्रै कति सुन्नु हो ?



**रञ्जित तामाङ**

पञ्चायतकालमा हवल्दारले लौरो बोकेर हिँड्दा गाउँ थर्कमान हुन्थे । अहिले त्यही पञ्चायतको ह्याङओभर बोकेर कुरा गर्ने राजावादी साथीहरू प्रजातन्त्रको कुरा गर्दै प्रधानमन्त्री र राष्ट्रपतिविरुद्ध नारा लाउँछन् । राजतन्त्र र गणतन्त्रमा यही फरक छ । राजतन्त्रले वंश हेर्छ, गणतन्त्रले समाज ।



**विनोद न्यौपाने**

मन्त्री र प्रमहरूको सम्पत्ति विवरण हेरेर के गर्नु ? मापन गर्ने कुनै निकाय छैन । कोही कारबाहीमा परेका छन् त ? कुम्ल्याएको कुम्ल्यायै छन्, अन्य हेरेको हेर्‍यै छन् । पारदर्शिता, उत्तरदायित्व, जिम्मेदारी र सामाजिक पुँजीका विषयको अर्थ नहुने यस मुलुकमा त्यसको के अर्थ रह्यो ?



**मिलन पाण्डे**

२०७२ सालमा संविधान आएपछि देश गणतन्त्रमा जानुपर्थ्यो तर श्री ३ हरूले हाइज्याक गरे । सत्ता श्री ५ बाट श्री ३ मा गयो । श्री ३ ले हाम्रा विद्यालयहरू, अस्पतालहरू, सरकारी कार्यालयहरू, खोलानाला, पहाड, सार्वजनिक संस्थाहरू, युवाका सपनाहरू सब कब्जा गरे । खासमा गणतन्त्र त आएकै छैन । अब गणतन्त्र ल्याउनुपर्छ ।

# ‘महामन्त्रीमा मेरो दाबी रहन्छ’



**रामहरि खतिवडा**, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति

विधेयक अधिवेशनको रूपमा लिइएको संसद्को हिउँदे अधिवेशनमा सरकारले बिजनेस बढाइरहेको छ । अधिवेशनबाट सरकारले ल्याएका ५ वटा अध्यादेश पारित भएका छन् भने बाँकी थुप्रै विधेयकहरु छलफलको क्रममा छन् । यस अधिवेशनमा कानुन निर्माणको सन्दर्भमा भएका प्रगति, सरकारका गतिविधि र नेपाली कांग्रेसको भूमिकाका विषयमा नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति **रामहरि खतिवडा**सँग मध्यान्ह दैनिकका लागि **जीवन शर्मा**ले गरेको कुराकानीको सम्पादित अंश :

**मुलुकमा सुशासनको अवस्था कस्तो देख्नुभएको छ ?**

केही कुरामा सरकार अगाडि बढिरहेको छ । जस्तो : आर्थिक रूपमा नेप्सेको सूचकांक बढेको छ । नेपालमा लगानीको वातावरण बन्दै गएको छ । सरकारले जुन अध्यादेश ल्यायो, त्यो व्यापारमैत्री अध्यादेश हो । यसले केही सकारात्मक अनुभूति भएको छ । संसदीय प्रक्रिया एउटा अध्यादेश बाँकी छ, त्यो पनि सरकारले सबैसँग समन्वय गरेर अघि बढाउँछ भन्ने हामीले विश्वास गरेका छौं । तर, जुन गतिमा जानुपर्ने हो, त्यो गतिमा हामी जान सकेका छैनौं ।

संविधान कार्यान्वयनका लागि संघीय संरचना निर्माणमा जनताले साथ दिए । अब जनताले चाहेअनुसार सुविधा पाउनुपर्छ । अहिले जनताले त्यो अनुभूति गर्न पाएका छैनन् ।

अहिले मुख्यगरी शिक्षा र स्वास्थ्य सेवा सबैभन्दा महँगा भएका छन् । राम्रो शिक्षा आर्जनमा महँगो शुल्क तिर्नुपर्ने अवस्था छ । स्वास्थ्य क्षेत्रको सेवा सुविधा जुन रूपमा गाउँघरमै पाउनुपर्ने हो, त्यो पाउन सकेका छैनौं । भवनहरू त बने तर औषधि र डाक्टर पुगेको अवस्था छैन । तराईमा नक्कली अस्पताल र नक्कली डाक्टरहरूका समाचारहरू आइरहेका छन् । नक्कली औषधि, नक्कली डाक्टर, नक्कली अस्पताल अनि सक्कली बिरामी भयो भने के हालत होला ? त्यसैले, सरकारले अलि निर्ममतापूर्वक प्रस्तुत हुनुपर्ने बेला आएको छ । जनताले यो सरकारबाट केही आशा पनि गरेका छन् ।

**अहिले संसद्का ठूला २ दलको गठबन्धन सरकार छ । यो अवस्थामा पनि नागरिकले सुशासनको प्रत्याभूति गर्न पाएनन् भने कांग्रेस-एमाले गठबन्धन सरकारको औचित्यमाथि प्रश्न उठ्ला नि ?**

प्रजातान्त्रिक पद्धतिमार्फत जननिर्वाचित सांसदहरूबाट सरकार निर्माण हुने भएकाले यो संसदीय व्यवस्थाको विकल्प छैन । लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । तथापि, निराशालाई आशामा परिणत गर्नु हामी सबैको दायित्व हो । हामीले त्यो आशा दिन अलि सकिरहेका छैनौं ।

हामी आफ्ना कुरामा बढी केन्द्रित छौं । सरकारका मन्त्रीहरू जिल्ला जाने र आफू केन्द्रित कुरा गर्ने चलन छ । नागरिकले महसुस गर्नेगरी काम भए कि भएनन् भनेर हेर्न सक्दैनन् । बोलेका कुराहरू कार्यान्वयन भए कि भएनन् भनेर हेर्दैनन् । जनताका पक्षमा के-कति काम भए र आफूले बोलेका कुराहरू कति कार्यान्वयन भए भन्ने हेक्का स्थानीय, प्रदेश र संघीय ३ वटै तहका सरकारका जनप्रतिनिधिले राख्नुपर्छ ।

अवस्था सोंचनीय छ । उदाहरणका रूपमा पर्यटन व्यवसाय त्यति राम्रो छैन तर २ वटा न्यारोबडी जहाज थन्किएका छन् । यहाँबाट दुबई उडेको जहाज भैरहवा गएर बस्छ । अनि, यहाँका नियमित चलान गर्नुपर्ने २ वटै जहाज थन्किएका छन् । अर्बौंको ऋण छ तर त्यही मन्त्रीले कार्यसम्पादनमा सबैभन्दा बढी नम्बर ल्याउँछ ।

स्वास्थ्यको अवस्था त्यस्तै छ । एउटा उदाहरण मात्र ओखलढुंगा सामुदायिक अस्पतालमा उपचारत विरामीहरूले बीमाबापतको रकम पाइनँ भनेर फोन गरिरहेका छन् । मन्त्रीले घोषणा मात्र गरिदिनुहुन्छ । यसले गर्दा राम्रो सन्देश गएको छैन ।

जनप्रतिनिधिहरूले म पार्टीबाट आएको हुँ र जनताको काम गरेर पार्टीलाई पनि सहयोग पुर्‍याउँछु भन्ने कुरा बिर्सनु हुँदैन । हामीले जे गर्न सक्छौं, त्यो मात्र बोलौं, गर्न नसक्ने कुरा नबोलौं । जनतालाई दिनुपर्ने डेलिभरी जसरी दिनुपर्ने हो, त्यो हुन सकेको छैन्, हामीले त्यसलाई सत्य रूपमा स्वीकार्नुपर्छ ।

**कानुन निर्माणको सन्दर्भमा राज्य व्यवस्था तथा सुशासन समितिले पर्याप्त काम गर्न सकेको छ त ?**

नेपालको संविधानपछि सबैभन्दा महत्त्वपूर्ण कुनै कानुन हो भने त्यो निजामती विधेयक हो । अहिले निजामती विधेयकमा गहन छलफल भइरहेको छ । समितिमा हामीले विज्ञ, सरोकारवालाहरू, कानुनविद्हरूलाई ल्याएर छलफल गरेका छौं । पूर्वसचिवहरू, लोकसेवा आयोगका व्यक्तिहरूसँग पटक-पटक छलफल गरेका छौं । अख्तियारलगायत सबै संवैधानिक आयोगहरूसँग पनि छलफल गरेर सुझावहरू लियौं ।

त्यससँगै जनसंख्याका आधारमा कर्मचारीहरूको प्रतिनिधित्व कसरी गर्न सकिन्छ भनेर जनसंख्या र तथ्यांक विज्ञहरूसँग समेत छलफल गर्‍यौं । कानुन निर्माणका सन्दर्भमा बिदाको दिनसमेत नभनी व्यापक छालफल गरेका छौं । सबै पार्टीको प्रतिनिधित्व हुनेगरी गठित ११ जनाको उपसमितिले पनि त्यत्तिकै काम गर्दै छ ।

पार्टीका साथीहरू देशव्यापी कुदिरहँदा हाम्रो समितिमा भएका साथीहरू कहीं पनि जान पाएका छैनौं । यो विधेयक जसरी पनि ल्याउनुपर्‍यो भनेर सभामुखले भन्ने, मेरो पार्टी सभापतिले भन्ने, प्रधानमन्त्रीले समेत भन्ने र मेरो पनि दायित्व भएकाले म लागिरहेको छु । त्यसले म पनि पार्टीका कुनै कार्यक्रममा जान पाएको छैन ।

हामी यो विधेयकलाई यही अधिवेशनबाट पारित गर्नेगरी लागेका छौं । यससँगै भ्रष्टाचार निवारणसम्बन्धी विधेयक ठूलो विवादमा थियो । भ्रष्टाचारको हदम्यादका विषयमा एसएमएस पठाएर हैरान पारेका थिए । राजनीतिमा आएको ५ दिन भएको छैन, आकाशै हामीले थामेका हौं, पृथ्वी नै हामीले बोकेको हो, हामीबाहेक कसैले पनि काम गरेका छैनन् भन्ने साथीहरू पनि यहाँ थिए । तर, हामीले समितिबाटै समाधान गरेर भ्रष्टाचार निवारणसम्बन्धी विधेयक संसद्मा पठाएका छौं ।

२०७४ सालदेखि बाँकी रहेको संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकारसम्बन्धी विधेयक पनि सर्वसम्मतिबाट संसद्मा पठाएका छौं । अर्को अध्ययन अवलोकनसम्बन्धी विधेयक पनि संसद्मा पठाएका छौं । अब मेरोमा प्रहरीसम्बन्धी विधेयक आएको छ ।

निजामती विधेयक र निर्माण सामग्रीसम्बन्धी विधेयक छलफलमा छन् । हाम्रो समितिलाई धेरै जिम्मेवारी पनि छ । प्रहरीको अवस्था निरीक्षण, नेपाली सेनाले बनाइरहेको फास्ट ट्र्याक निरीक्षण पनि गर्‍यौं । फास्ट ट्र्याक निर्माणमा सानातिना कानुनी समस्याहरू भएका भन्ने सेनाको अनुरोधअनुसार प्रधानमन्त्री, वनमन्त्रीसमेतलाई बोलाएर छलफल गरी त्यसलाई फुकाउने काम गरेका छौं । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलाई अझ व्यवस्थित र बलियो शक्ति बनाउनेगरी हामीले कानुनहरू बनाउनुपर्ने छ ।

**संसद्को यो अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा पनि लिइन्छ । यतिबेला विधेयक पारितको प्रक्रियाले कतिको लय लिएको छ ?**

> *अब पार्टीका साथीहरूका बीच जाने तयारीमा छु । पार्टीले दिएको जिम्मेवारीका कारण अहिले कुद्न सकेको छैन । तर, मेची–महाकालीका सबै साथीहरूसँग पुगेर आफ्नो दाबी पेस गर्छु । म सभापति र उपसभापति हुन्नँ । महामन्त्रीमा मेरो दाबी रहन्छ ।*

हामीले पठाएका विधेयकहरू पारित भएका छन् । सबैभन्दा महत्त्वपूर्ण विधेयक निजामती विधेयक नै हो । यसमा सबैको चासो पनि छ । नेपालका करिब १ लाख निजामतीको मात्र होइन, अरूको पनि त्यत्तिकै चासो छ ।

स्थानीय तह प्रदेश र संघीयलाई कसरी लैजाने भन्ने छ । लोकसेवा आयोगलाई प्रदेशमा अझै व्यवस्थित गर्न के गर्ने ? लगायतका कुराहरू छन् । यी सबै विषयमा मिहीन ढंगले छलफल गरेका छौं । कतिपय कुराहरू छलफलकै क्रममा रहेकाले अहिले भन्न सक्ने अवस्था छैन तर हामीले एउटा प्रतिबद्धता जाहेर गर्छौं कि छिटोभन्दा छिटो निजामती ऐन ल्याउँछौं ।

त्यसपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्माण सामग्रीलगायत विधेयकका बारेमा छलफल गर्छौं । आमाको नामबाट नागरिकता दिनेसम्बन्धी विधेयक पनि आउने क्रममा छ । सरकारले अलि अप्ठ्यारो काम गर्न लागेको छ वा जनतालाई दिने डेलिभरी दिन सकेको छैन भने सजग गराउन पनि यो समिति तयार छ ।

**सरकारले ल्याएका ६ वटामध्ये भूमिसम्बन्धी अध्यादेशबाट पछि हट्नुपर्‍यो । सरकार अध्यादेशमा किन हतारिएको होला ?**

सरकारले अध्यादेश फिर्ता लिएको छैन । होल्डमा रहेकाले केही समयपछि पारित हुन्छ । भूमिसम्बन्धी अध्यादेशका सन्दर्भमा कसैले घर बनाएको छ, घर जग्गामा अर्बौं लागानी भएको छ । खरिद गर्न चैं दिने, अहिले आएर हदबन्दीभन्दा बढी भयो भनेर त्यसको सम्पत्ति जफत गर्ने काम गर्नुहुँदैन । यसमा कानुनी प्रावधान मिलाएर सबैसँगको छलफल र सहमतिमा यो अध्यादेश पारित हुन्छ ।

**कानुन निर्माणका सन्दर्भमा सामना गर्नुपर्ने समस्या र चुनौतीहरु के कस्ता रहेछन् ?**

संविधान निर्माणमा पनि म थिएँ । त्यसबेला धेरै समस्याहरू थिए । संविधानसभामा कुर्सी भाँचाभाँच भए । माइक तोडातोड गरे । एउटा पार्टीका सांसदले अर्कोलाई धकेलाधकेल गर्ने, उफ्रीपाफ्री गर्ने कामहरू भए । त्यसका बाबजुद राति १ बजेसम्म बसेर हामीले संविधान निर्माण गर्‍यौं ।

यो संविधान सबै जात, धर्म, वर्ग र सम्प्रदायको पक्षमा हुनेगरी निर्माण गर्‍यौं । यसलाई अझ बलियो बनाउन, जनताको पक्षमा कहीँ कमीकमजोरी भए संशोधन गर्ने कुरा वर्तमान सरकारले ल्याएको छ । फूल जंगलमा, बगैंचामा वा जहाँ फुले पनि मीठो सुगन्ध दियो भने त्यो राम्रो हो । हामी अहिले त्यही बाटोमा लागेका छौं । फूलरूपी संविधानालाई अझ सुगन्धमय बनाउनु छ ।

कानुन निर्माण गर्ने कुरामा धेरै अप्ठ्याराहरू छन् । त्यो फूललाई हुर्काउन, बढाउन निकै मिहिनेत गर्नुपर्छ । कसैको व्यक्तिगत आग्रह-पूर्वाग्रह हुन्छ । कसैले म पर्सि रिटायर्ड हुँदै छु, त्यसलाई मिल्नेगरी कानुन बनाइदिनुपर्‍यो, कसैले म यति वर्षदेखि जागिरमा छु भोलि नै ल्याइदिनुपर्‍यो वा केही वर्षपछि हुनेगरी कानुन बनाउन सहयोग गर्नुपर्‍यो भन्ने खालका दबाबहरू आउने रहेछन् । केही व्यक्तिगत इन्ट्रेस्ट, कहिले व्यापारिक समूहको इन्ट्रेस्ट हुन्छन् । कोही कर्मचारी, समूह, कोही प्रहरी प्रशासनलगायतका विभिन्न इन्ट्रेस्ट हुने रहेछन् ।

कहीँ पार्टीको, कहीँ जातिको, कहीँ धर्मको, कहीँ सम्प्रदायको र कहीँ वर्गको इन्ट्रेस्ट छ । त्यसअनुसार काम गर्ने हो भने कसैले पनि केही काम गर्न सक्ने अवस्था हुँदैन । यस्तो भयो भने गंगा देखे गंगाराम, जमुना देखे जमुनाराममै बित्छ, केही काम गर्न सकिँदैन ।

**संविधान संशोधनको एजेन्डा लिएर २ दलबीच सत्ता सहकार्य भयो । तर, सरकारले कुनै प्रक्रिया अघि बढाउन किन सकेन ?**

नेपाली कांग्रेस र एमालेको सहमतिअनुसार एउटा समिति गठन हुन्छ । त्यो समितिले विभिन्न ढंगबाट छलफल प्रारम्भ गर्छ, खाका ल्याउँछ र अरू राजनीतिक दलहरूसमेतलाई समावेश गरेर अघि बढ्नुपर्छ । संविधान संशोधन कांग्रेस-एमाले मिलेर मात्र हुँदैन । संशोधन गर्नुपर्ने धेरै विषय छन् । यी चर्चामा आएका समावेशी, समानुपातिकदेखि लिएर निर्वाचन प्रणाली र स्थानीय चुनावभन्दा संघीय चुनावअघि गर्नुपर्नेसम्मका विषयहरू पनि छलफल हुन जरुरी छ ।

म चैं पहिला संघको अनि स्थानीय तहको निर्वाचन हुनुपर्छ भन्ने पक्षमा छु । निर्वाचन आयोगसँग पनि यस विषयमा छलफल भइरहेको छ । समानुपातिकमा सबै वर्ग, जात, धर्म, सम्प्रदायको प्रतिनिधित्व हुनुपर्छ । तर, समानुपातिक, समावेशीका नाममा घुमिफिरी एउटै मान्छे आउने पद्धतिको अन्त्य हुनुपर्छ । यो नाममा नेता र नाताका मान्छे आए, दाता आए, जुन वर्ग, सम्प्रदायलाई ध्यान दिएर कानुन निर्माण भएको हो, त्यो वर्ग अहिले पनि छुट्यो ।

नेता नाता र दाताका लागि मात्र हो भने समावेशी, समानुपातिक व्यवस्थाको अर्थ रहँदैन । हामीले प्रतिनिधित्व गराउँदा वास्तविक पिछडिएको आयो कि त्यसभित्रका सम्भ्रान्त व्यक्तिहरू आए ? एउटै व्यक्ति कति पटक आयो ? नेताको इन्ट्रेस्टका मात्र कसरी आए ? यो विषयमा गम्भीर हुनु जरुरी छ । संविधानमा जसका लागि समानुपातिक व्यवस्था गरिएको हो, त्यसलाई अझ बलियो बनाउनुपर्छ ।

**प्रसंग बदलौं, कांग्रेसको महाधिवेशन समयमै नहुने देखियो नि ?**

महाधिवेशन त हुन्छ । शेरबहादुर देउवाको अन्तिम कार्यकाल हो । यो बेला सभापतिले ४ वर्ष पुग्नेबित्तिकै फचाट्ट महाधिवेशन गरिहाल्नुहुन्छ । म सभापति भइहाल्छु, महामन्त्री भइहाल्छु भनेर कुद्नु बेकार छ । महाधिवेशन चैं २०८२ मंसिरमा होइन, २०८३ मा पनि के हो ? यसमा हतार नगरौं ।

महाधिवेशन विधानसम्मत् हुन्छ । सबै साथीहरूले आफ्ना लागि मात्र होइन, पार्टी बलियो बनाउनतिर लागौं । आमनिर्वाचननमा पहिलो भोट आउन पार्टी बनाउन सबै लागौं । महाधिवेशन त भइहाल्छ नि !

**आमनिर्वाचन नजिकिँदै जाँदा महाधिवेशन भयो भने पार्टीलाई थप क्षति पुग्छ भन्ने सोच्नुभएको छैन तपाईंहरूले ?**

तपाईंले भनेको ठीक हो । चुनावको पूर्वसन्ध्यामा पार्टी महाधिवेशन हुँदा पार्टीलाई घाटा हुन्छ । तर, पार्टी सभापतिसँग फरक मत राखेर केही गर्न सक्दैनौं । पार्टी सभापति के गर्दै हुनुहुन्छ, सबैले बुझेकै छ । आफू प्रधानमन्त्री नभईकन तत्कालै महाधिवेशन गराइहाल्नुहुन्छ भन्ने मलाई लाग्दैन ।

**समयमै महाधिवेशन हुनुपर्छ भनेर तपाईंहरूको दबाब किन रहँदैन ?**

महाधिवेशन गर्ने विषयमा हाम्रो दबाब त रहन्छ । मलाई पनि रहर होला नि, केन्द्रीय सदस्य मात्र बस्ने त म पनि होइन । साथीहरू महामन्त्रीको पोस्ट भटाभट गर्न थाल्नुभएको छ । हाम्रो पनि के कमी होला त योग्यता, क्षमता, काम गर्ने शैली, जनताबीचमा जाने, आफ्ना कुरा राख्ने, अरूका कुरा सुन्नेमा हामी पनि कमजोर छैनौं ।

अब पार्टीका साथीहरूका बीच जाने तयारीमा छु । पार्टीले दिएको जिम्मेवारीका कारण अहिले कुद्न सकेको छैन । तर, मेची-महाकालीका सबै साथीहरूसँग पुगेर आफ्नो दाबी पेस गर्छु । म सभापति र उपसभापति हुन्नँ । महामन्त्रीमा मेरो दाबी रहन्छ ।

**सभापतिमा कसलाई सहयोग गर्नुहुन्छ ?**

यसमा अहिले नै भन्न हतार हुन्छ । पहिला सभापतिका उम्मेदवारहरू तयार गरौं । अन्तिममा सभापतिका क्यान्डिडेट कति हुन्छन्, त्यसमा पुरानो सभापति फेरि सभापति नहुने हुँदा नयाँ मान्छेमै जाने हो । पुराना समूहरू भताभुंग हुन्छन् ।

तर, पार्टी सभापति शेरबहादुर देउवा नभए पनि उहाँको रोल नै महत्त्वपूर्ण हुन्छ । अहिले पनि नेपाली कांग्रेसमा बलियो व्यक्ति कोही हो भने शेरबहादुर देउवा नै हो । उहाँले कार्यकुशलताका साथ काम गर्नुभएको छ । सबैलाई ब्यालेन्स गर्नुभएको छ । पार्टी मात्र होइन, नेपालको राजनीतिमा सबै दललाई ब्यालेन्समा राखेर काम गर्ने व्यक्ति कोही भए शेरबहादुर देउवा हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# चौरजहारीमा नि:शुल्क स्वास्थ्य शिविर सुरू

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २ चैत



रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा शनिबारदेखि २ दिने नि:शुल्क स्वास्थ्य शिविर सुरू भएको छ । चौरजहारी नगरपालिका रुकुम पश्चिम, मानव विकास तथा सामुदायिक सेवा अन्तर्गत एक स्वास्थ्य परियोजनाको आयोजना एवं चौरजहारी अस्पतालको आर्थिक तथा प्राविधिक सहयोगमा २ दिने नि:शुल्क यौन तथा प्रजनन् स्वास्थ्य शिविर सुरू भएको हो ।

शिविरको पहिलो दिन शनिबार चौरजहारी नगरपालिकाको वडा नम्बर १४ को वडा कार्यालयमा शिविर संचालन भएको छ भने दोस्रो दिन आइतबार वडा नम्बर १३ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा शिविर संचालन हुने आयोजकले जानकारी दिएको छ ।

शिविरमा स्त्रीरोग विशेषज्ञ सेवा तथा महिलाहरुमा हुने समस्याको चेकजाँच, उपचार तथा प्रेषण, पाठेघरको मुखको क्यान्सर, पाठेघर खस्ने, पिसाब चुहिने तथा अन्य स्वास्थ्य समस्याको चेकजाँच र उपचार गरिने बताइएको छ । त्यस्तै शिविरमा गर्भवती तथा सुत्केरीहरुमा जटिलताको चेकजाँच, परिवार योजना सेवा तथा परामर्श सेवा, मनोसामाजिक मनोविमर्श सेवा र लैंगिक हिंसा न्यूनीकरणसम्बन्धी परामर्श सेवा प्रदान गरिने चौरजहारी नगरपालिका स्वास्थ्य शाखा संयोजक रामबहादुर सुनारले जानकारी दिए ।

# 'अर्घाखाँची प्रहरी अपराध नियन्त्रणमा सफल भएको छ'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ चैत



जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले अपराध नियन्त्रणमा सफल भएको दाबी गरेको छ। शनिबार कार्यालयमै आयोजना गरेको नियमित पत्रकार सम्मेलनमा बोल्दै प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले अर्घाखाँचीका नागरिकलाई शान्ति सुरक्षा प्रत्याभूत दिलाउने आफ्नो पहिलो प्राथमिकता भएकोले सोही अनुसार काम गरिरहेको बताए । उनले जनताको गुनासो सुन्न र शान्ति सुरक्षाको अवस्था बुझ्नका लागि प्रहरीले गरिरहेका नियमित कामहरु कस्ता छन् भन्ने जनताको राय सुझाव लिन प्रहरीले जनतासँग नागरिक सुनुवाइ कार्यक्रम सुरू गरिएको बताए ।

उनले जनता र प्रहरीको समन्वयमा जिल्लामा हुने आपराधिक घटनालाई न्यूनीकरण गर्दै गएको बताए । मल्लले भने,' कहिकतै हामीबाट कमी कमजोरी भए जनताबाट सुझावको अपेक्षा गरेका छौं । जनताको सकारात्मक सहयोगको प्रहरीले अपेक्षा गरेको छ ।'

अर्घाखाँचीमा हुने विभिन्न प्रकारका जुवातास, लागुऔषध, चौरी, तस्करी, आत्महत्या जस्ता गतिविधिलाई न्यूनीकरण गर्न प्रहरीले प्रयास गरिरहेकाले नागरिकले सहयोग गरेमा समाजमा हुने अपराध नियन्त्रण गर्न प्रहरीलाई सहयोग पुग्ने उनले बताए ।

प्रहरी नायव उपरीक्षक मल्लले जनतासँग राम्रो सम्बन्ध राख्न प्रहरी मैत्री भएर काम गर्ने संकल्प व्यक्त गरे । उनले जिल्ला प्रहरी प्रमुखको हैसियतमा यस क्षेत्रको अपराध अनुसन्धानलाई पारदर्शी बनाउने, प्रत्येक प्रहरी युनिटहरुमा आर्थिक पारदर्शीता कायम गराउने, मानव अधिकारको पूर्ण पालना गर्ने/गराउने, विपद् व्यवस्थापनमा प्रहरीको भूमिकालाई उच्य बनाउने, सीमा सँग जोडिएर हुने गरेका तस्करी र अन्य अपराधका घटनालाई न्यूनीकरण एवं नियन्त्रण गर्ने जस्ता महत्वपूर्ण काम प्रहरीले गरिरहेको दाबी गरे ।

पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले गरेको फागुन १ देखि चैत १ गतेसम्मको प्रगतिका बारेमा जानकारी दिएका थिए । मल्लका अनुसार फागुन महिनामा फरार प्रतिवादी ८ जना पक्राउ गरी अदालतको आदेश अनुसार कारागार चलान गरिएको छ । जसमा कैद अपचलनमा ६ वर्ष २ महिना १५ दिन रहेको छ भने २५ हजार जरिवाना गरिएको छ। ५ वर्ष भन्दामाथि १ जना अरू कम ६ जना रहेको जनाएको छ । अपाङ्गलाई जबरजस्ती करणी गरेको आरोपमा जिल्लाको सन्धिखर्क नगरपालिका वडा नं १२ का वर्ष ६३ का गोपाल बस्याल र भारतीय पैसा सहित एक जनालाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

फागुन महिनामा २ सय ६५ प्रहरी साझेदारी कार्यक्रम ५ हजार २ सय ६० जना लाभान्वित भएको पनि कार्यालयले जनाएको छ । ट्राफिक प्रहरीले ३ सय २७ वटा सवारी कारबाही गर्दा ५ लाख ३७ हजार राजस्व संकलन गरेको छ ।

# साउदी अरबमा नेपालकै झल्को : यसरी मनाइयो होली




**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २ चैत

फरक संस्कृति र नियम-कानुन भएको देश साउदी अरेबियामा नेपाली समुदायले फागू पूर्णिमा अर्थात् होली पर्व उल्लासमय रूपमा मनाएको छ । शुक्रबार साउदीको पूर्वी क्षेत्र दम्मामस्थित सिहातमा हेल्प मधेशी साउदी अरबद्वारा आयोजित होली विशेष कार्यक्रम भव्य रूपमा सम्पन्न भएको हो ।

हेल्प मधेशी साउदी अरबका अध्यक्ष श्याम कुमार महत्तोको अध्यक्षता सम्पन्न सो कार्यक्रममा साउदी अरबका लागि नेपाली राजदूत महामहिम नरेश बिक्रम ढकालको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा साउदी अरेबियामा सक्रिय विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्वहरू तथा नेपाली समुदायको उल्लेखनीय सदस्यहरूको उपस्थिति रहेको थियो । सो अवसरमा होलीको शुभकामना व्यक्त गर्दै प्रमुख अतिथि राजदूत ढकालले नेपाली समुदायलाई एकताबद्ध रहन आग्रहका साथ आपसी सद्भाव बढाउने पर्वको रूपमा होली मनाउन प्रेरित गरे ।

यस्तै अध्यक्ष महत्तोले हेल्प मधेशी साउदी अरबको नाम मधेशी भए पनि संस्था सम्पूर्ण नेपाली समुदायको हितमा समर्पित रहेको बताउँदै विशेषगरी नेपाली श्रमिकहरूको राहत, उद्धार, पासपोर्ट, फर्म तथा श्रमसम्बन्धि सहयोगमा संस्थाले उल्लेखनीय भूमिका खेलेको जानकारी दिए । आगामी दिनहरूमा पनि संस्थाले निरन्तर सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै उनले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरे ।

कार्यक्रममा सहभागी नेपाली समुदायले एकआपसमा रंग लगाएर तथा खुशी साटासाट गर्दै होली पर्व मनाउँदा गृहनगरमै भएको अनुभूति भएको बताए ।

# कतारमा मनाइयो ११५औं अन्तर्राष्ट्रिय नारी दिवस



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २ चैत

कतारमा ११५औं अन्तरार्ष्ट्रिय नारी दिवस रक्तदान र इफ्तार कार्यक्रमको आयोजना गर्दै मनाइएको छ। नेपाली महिला समाज कतारले नारी दिवस तथा मुस्लिम धर्मावलम्बीहरूको रमजान परेकाले पुण्यको काम 'रक्तदान र इफ्तारी कार्यक्रम' को आयोजना गरेको हो ।

शुक्रबार बिहान नेपाली रक्तदाता संघ कतारको समन्वयमा हमाद हस्पिटलको राष्ट्रिय ब्लड डोनेसन सेन्टरमा सम्पन्न रक्तदान कार्यक्रममा ५० जना नेपालीले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेलसहित आयोजक संस्थाका प्रतिनिधि, कतारमा स्थापित सामाजिक, वैचारिक तथा जातीय संघ संस्थाका प्रतिनिधि, पत्रकार बुद्धिजीवी, समाजसेवी, व्यवसायीलगायत १७५जनाको उपस्थिति रहेको नेपाली महिला समाज कतारका अध्यक्ष माया केसीले जानकारी दिइन् ।

शुक्रबार साँझ समाजले सनैयाको स्ट्रिट नं. ४३ मा अवस्थित श्रमिकहरूको वासस्थानमा पुगेर १५० जना श्रमिकहरूलाई इफ्तारी उपलब्ध गराएको छ । समाजका अध्यक्ष केसी, समाजका विभिन्न पदाधिकारी, एनआरएनए आईसीसी सदस्य तेज कटुवाल, पत्रकारलगायतका विभिन्न व्यक्तिहरू इफ्तारीसहित त्यहाँ पुगेका थिए। इफ्तारी ग्रहण गरेपछि श्रमिकहरूले महिला समाजलाई धन्यवाद ज्ञापन गर्दै खुसी साटे । हजारौं रियालको खर्च गरेर हलमा गरिने आसन भाषण भन्दा पर रहेर विशुद्ध श्रमिकहरूलाई इफ्तारी उपलब्ध गराइएको समाजकी प्रवक्ता शारदा भुजेलले जानकारी दिइन् ।

महिला समाज कतारले प्रवासमा रहेका विभिन्न महिलाहरूको समस्या समाधानका साथै सामाजिक कार्यहरू गर्दै आइरहेको छ । समाजले विगतका दिनमा दिवसको अवसरमा विभिन्न सांस्कृतिक तथा सचेतना कार्यक्रम गरेर मनाए पनि यो पटक फरक शैलीमा मनाएको हो ।


# Lungri Rural Municipality
# Office of Rural Municipality Executive
**Badachaur, Rolpa**
**Lumbini Province**

## Invitation for Sealed Quotations

**Date of Publication: 16-03-2025, 11:00 Hours**

1. The Lungri Rural Municipality, Rolpa invites sealed quotations from registered contractors the following Construction Projects, under Sealed Quotation Procedures.
2. Eligible Bidders can obtain information and inspect Bidding Documents at the Office of Lungri Rural Municipality, Badachaur, Rolpa, or visit www.bolpatra.gov.np/egp.
3. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs for each project.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Ltd., Rolpa.
   Name of the Office: Office Of Lungri Rural Municipality
   Office Code No: 80554506300
   Office Account No: 26603000003000000001 (For dharauti purpose)
   Antarik Rajaswa Account No: 26603000001001000001 (For document fee)
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 31- 03-2025 12:00 hours. Bids received before this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 31-03-2025 13:00 hours at the office of Lungri Rural Municipality, Rolpa. The validity of bids after opening and the validity of bid security with minimum amount given below shall be according to the respective bid document.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Contract ID | Project Name | Estimated Amount (with VAT) NRs. | Bid Security Rs. | Bid Fee Rs. (Non-refundable) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | LRM/ROL/SQ/07/2081/2082 | Lamchuti Dahachaur aambot motar bato ra Lamchuti airport motarbato nirman yojana | 13,43,599.38/- | 35,000/- | 1000/- | Re-bid |
| 2 | LRM/ROL/SQ/08/081/2082 | Construction of Hikmateshori ma.vi Gherabar Lungri-2 ra gothechaur pra. bi. gherabar lungri-3 rolpa | 19,19,737.40/- | 50,000/- | 1000/- | Re-bid |
| 3 | LRM/ROL/SQ/09/081/2082 | Construction of Baghkhor chakepatahudai narabang sadak nirman yojana | 14,39,310.47/- | 35,000/- | 1000/- | Re-bid |
| 4 | LRM/ROL/W/SQ/10/2081/082 | Construction Of Boundary in Baraha Kshetra Sakha Pra.vi. Jekul. | 9,59,720.14/- | 25,000/- | 1000/- | New SQ |
| 5 | LRM/ROL/W/SQ/11/2081/082 | Construction Of Boundary in Jogindhara Aa.Bi. | 9,59,696.51/- | 25,000/- | 1000/- | New SQ |

**Chief Administrative Officer**

# दर्शकको साथ पाउनेमा ‘द्रौपदी’ टिम आशावादी

**पोखरा/मस–** चलचित्र ‘द्रौपदी’को टोली यतिबेला प्रचार अभियानमा जुटेको छ । यसै सिलसिलामा ‘द्रौपदी’को टोलीले पोखरामा चलचित्र पत्रकार संघ नेपाल, कास्कीको आयोजनामा निर्माता, कलाकार, लेखक तथा निर्देशकहरूको उपस्थितिमा एक कार्यक्रम आयोजना गरेको थियो ।



८ चैतदेखि प्रदर्शनमा आउन लागेको चलचित्रका निर्देशक तथा लेखक ऋषिराज आचार्य हुन् । कार्यक्रममा उनले चलचित्रले मौलिक कथा प्रस्तुत गर्ने जानकारी दिए । डोल्पाका सुन्दर भू-दृश्यहरू समेट्दै छायांकन गरिएको यो फिल्म महिला सशक्तीकरणको कथामा केन्द्रित रहेको बताइएको छ ।

चलचित्रका कलाकार तथा गायक रवि ओडले ‘द्रौपदी’प्रति ठूलो अपेक्षा रहेको बताए । चलचित्रका गीत र ट्रेलरले राम्रो प्रतिक्रिया पाइरहेको उल्लेख गर्दै दर्शकहरूको साथ र माया आवश्यक रहेको बताए । आफ्ना लागि अभिनय कला नयाँ भए तापनि मिहिनेत गरेको उनको भनाइ छ । उनी स्थानीय कुलेको भूमिकामा चलचित्रमा देखिएका छन् ।

चलचित्रका निर्माता तथा कलाकार प्रकाश ज्ञवालीले कन्टेन्टले आफूलाई तानेको बताए । अस्पताल व्यवसायमा संलग्न भए पनि राम्रो कथाले आफूलाई यो फिल्म निर्माणमा संलग्न गराएको बताए । निर्देशक आचार्य आफ्नो पुरानो साथी भएको र कथाको विषयवस्तु मनपरेका कारण नै आफू लगानीका लागि तयार भएको उनको भनाइ छ । चलचित्रमा कलाकारको भूमिकामा उनी पनि देखिएका छन् । नायिका आश्विनी शाहीले ‘द्रौपदी’ एउटा सशक्त कथावस्तु बोकेको चलचित्र भएको बताइन् । उनले अनुहार हेरेर चलचित्र नहेर्न बरु कन्टेन्टलाई प्राथमिकता दिन दर्शकलाई अनुरोध गरेकी छन् । ‘द्रौपदी’को हिरो नै कन्टेन्ट भएको उनको भनाइ छ । चलचित्रको कन्टेन्टले दर्शकलाई निराश नबनाउने विश्वास उनले लिएकी छन् ।

चलचित्रकी अर्की नायिका सुजाता तिमल्सिनाले विकट भेगको कथा दर्शकसामु ल्याउन पाउँदा खुसी लागेको बताइन् । बलियो कथामा आधारित सिनेमामा आफू बाँधिन पाउँदा उनी हर्षित छिन् ।

सो अवसरमा चलचित्रका टिजर, गीत तथा ट्रेलरले दर्शकमाझ सकारात्मक प्रतिक्रिया पाइरहेको र चलचित्र अन्तर्राष्ट्रिय फिल्म फेस्टिबलमा छनोट भइसकेको जानकारी गराइएको थियो ।

निर्देशक आचार्यले विभिन्न स्थानबाट दर्शकहरू चलचित्र हेर्न उत्साहित रहेका बताए । दर्शकहरूको माया र समर्थनले चलचित्रले उत्कृष्ट व्यापार गर्नेमा आफूहरू विश्वस्त रहेको टिमले जनाएको छ । करिब २ करोड लगानीमा चलचित्र निर्माण भएको निर्माण पक्षले जनाएको छ । ४८ दिन लगाएर छायांकन गरिएको सिनेमा अन्तर्राष्ट्रिय अवार्डका लागिसमेत छनोट भएको बताइएको छ । मौलिक कथालाई आत्मसात् गरिएका कारण पनि दर्शकको राम्रो साथ मिल्नेमा निर्माण टिम आशावादी छ ।

# सुवेदीका ४ कृति लोकार्पण




**काठमाडौं/मस–** वरिष्ठ साहित्यकार होमनाथ सुवेदीले सिर्जना र सम्पादन गरेका ४ वटा कृति लोकार्पण गरिएका छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरद्वारा शनिबार यहाँ आयोजित कार्यक्रममा ‘नन्दिनी शोक महाकाव्य’, ‘नन्दादेवी स्मृतिग्रन्थ’, ‘नन्दा शोक खण्डकाव्य’ र ‘सेती गजल खण्डकाव्य’ विमोचन गरिएका हुन् ।

त्यस अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले श्रष्टा सुवेदीलाई ‘नेपाली डायस्पोरा स्वर्ण तारा सम्मान’ प्रदान गरे । कार्यक्रममा सुवेदीद्वारा रचित ‘नन्दा शोक खण्डकाव्य र सेती गजल खण्डकाव्य समेटिएका श्रव्य सामग्रीसमेत विमोचन गरियो । वरिष्ठ साहित्यकार सुवेदी अनेसासका संस्थापक अध्यक्ष हुन् ।

कार्यक्रममा कुलपति राईले साहित्यकार सुवेदीका रचनाले नेपाली भाषा र वाङ्मयलाई अन्तर्राष्ट्रियजगत्मा पुऱ्याउन योगदान गरेको धारणा राखे । उनले साहित्यको अध्ययन र लेखनले शोकलाई सिर्जनामा रूपान्तरण गर्न सकिन्छ भन्ने सुवेदीका कृतिबाट उदाहरण प्रस्तुत भएको बताए ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक जवलाल सापकोटाले अन्तर्राष्ट्रियस्तरमा नेपाली वाङ्मयलाई विकास गर्दै नेपाली भाषाको श्रीवृद्धिमा पुऱ्याएको योगदान महत्वपूण रहेको र उनी ‘साहित्यिक दोभान’ भएको टिप्पणी गरे । कार्यक्रमका अन्य वक्ताहरूले विशाल भावना बोकेको संक्षिप्त साहित्यिक विधा कवितालाई साधना र शब्दको खेलका रूपमा चित्रित गरे । उनीहरूले सुवेदीका कृतिमा आख्यानभन्दा अनुभूति प्रधान रहेको टिप्पणी गरे ।


## बहराइनमा रोजगार

कम्पनी: SECURICORE WLL — शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०८१/१२/०१ — चलानी नं.: ६०२३४४९६ — L.T. No.:320242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CCTV Camera Operator Cum Fixer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver Light | 2 | 0 | | 150 | ५५,२७० | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 3 | 0 | | 170 | ६२,६३९ | | | | | | | |
| 4. | Security Guards | 85 | 5 | | 120 | ४४,२१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ ।

Fair Connect Resource Pvt. Ltd.
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com


## Chamunda Bindrasaini Municipality
## Office of the Municipal Executive
**Jambukandh, Dailekh**
**Karnali Province, Nepal**

### Invitation of Electronic Bids

**Date of First publication: 2081/12/03 (16 March, 2025)**

1. The Chamunda Bindrasaini Municipally Jambukahdh Dailekh Invite the following electronic Bid From the eligible National Bidders Under National Competitive Biddings
2. The Details of the Project is as following :

| S. N. | Description | IFB No. | Estimate Amount (With Vat & PS ) | Bid Security Amount | Nonrefundable Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Bindrasaini Secondary School Building Chamund bindrasaini Municipality, 8 Dailekh | NCB/W/08/ 2081/082 | 30,00,000.00 | 75,000.00 | 3,000.00 | 2082/01/03 (April 15, 2025) 12:00 hours on | 2082/01/03 (April 15, 2025) 14:00 hours on |

3. The Eligible Bidders May Contract office and Obtain Further Information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## Department of Roads
## Federal Highway Supervision and Monitoring Office
## Road Division, Doti

### Invitation for Bids

**Notice No: 16-RDDOT/2081/082**
**Date of First Publication:2081/12/03**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Doti invites open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S.N. | Contract No. | Name of work | Cost Estimate (NRs) without VAT and PS | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDDOT/337011384 /2081/082-041 | Road Improvement and Extension Worksat Pipalla Bazar of Syaule-Silgadhi Road Section, Doti | 10,968,569.19 | 310,000.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Doti or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division, Kulpate, Doti without giving any reason/ justification.

**Division Chief**

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/१२/०३**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बााकी रहन गएमा उक्त बााकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणीको नाम र ठेगानाको विवरण (रातोपुल धनगढी शाखा, कैलाली)**

हरि सिं वलायरको नाति लाल सिं वलायरको छोरा डोटी जिल्ला बन्लेक गा.वि.स. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ५/१७३६५ (जारी मितिः २०५९/०२/१९, स्थान डोटी) भएका **ललित बहादुर वलायर ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

रुप बहादुर स्वारकी छोरी लाल सिं वलायरकी बुहारी ललित बहादुर वलायरकी श्रीमती कैलाली जिल्ला बौनीया गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल कैलाली जिल्ला धनगढी न.पा. वडा नं ०२ बस्ने, ना.प्र.नं. ३१५ (जारी मितिः २०६३/१०/०८, स्थान कैलाली) भएकी **झरना स्वार ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
कैलाली जिल्ला बौनीया गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ०२ बस्ने **झरना स्वारको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला धनगढी न.पा. वडा नं ०२ नक्सा सिट नं. ०२७०७६७०६ मा अवस्थित कि.नं. ६४ क्षेत्रफल २२६.०० व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण (दमक शाखा, झापा)**

गजेन्द्र बहादुर कार्कीकी छोरी छत्र बहादुर बस्नेतकी बुहारी गोविन्द बहादुर बस्नेतकी श्रीमती झापा जिल्ला तोपगाछी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ९७७३५९४७ (जारी मिति २०४५/०१/३१, स्थान झापा) भएकी **लक्ष्मी माया बस्नेत ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. दत्त सिंह बस्नेतको नाति छत्र बहादुर बस्नेतको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०५ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ९०६/७८२ (जारी मिति २०२८/०९/०५, स्थान झापा) भएका **गोविन्द बहादुर बस्नेत ।**
२. छत्र बहादुर बस्नेतको नाति गोविन्द बहादुर बस्नेतको छोरा झापा जिल्ला तोपगाछी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ६०८६ (जारी मिति २०५५/०४/२४, स्थान झापा) भएका **सरोज बस्नेत ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
झापा जिल्ला तोपगाछी न.पा. वडा नं. ०३ स्थायी घर भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने **लक्ष्मी माया बस्नेतको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १ नक्सा सिट नं. १ मा अवस्थित कि.नं. १०९५७ क्षेत्रफल ०-५-५.५-० विघाको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

**ऋणीको नाम र ठेगानाको विवरण (मैतिदेवी शाखा, काठमाडौं)**

नवल सिंह बोगटीको नाति मिन बहादुर बोगटीको छोरा कैलाली जिल्ला टीकापुर न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ६७२०४०/४६२६८ (जारी मितिः २०७१/०७/२७, स्थान कैलाली) भएका **अर्जुन बोगटी ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

मदन लाल बिष्टकी छोरी मिन बहादुर बोगटीकी बुहारी अर्जुन बोगटीकी श्रीमती कञ्चनपुर जिल्ला कृष्णपुर गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ७५-०१-७२-०३०१९ (जारी मितिः २०७२/०४/१२, स्थान कञ्चनपुर) भएकी **सरस्वती बिष्ट ।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


## यूएईमा रोजगार

कम्पनी: TAREEG AL KENOOZ PLASTER & TILES CONT — शहर: UAE,SHARJAH
पूर्व स्वीकृत मिति: २०८१/१२/०१ — चलानी नं.: ६०२३४४८९ — LT. No.: 320300

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 6 | 0 | स. काममा दक्ष | 1000 | ३७,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: KIHDMAH XPERTS CLEANING SERVICES CO. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०१ — चलानी नं.: ६०२३४४३१ — LT. No.: 320301

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Telecom Technician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 2 | 0 | | 1200 | ४५,३८४ | | | | | | | |
| 3. | Cleaner General | 2 | 0 | | 1000 | ३७,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ९ गते (22 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

J.S.N. International Pvt. Ltd.
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

## कतार र साउदीमा रोजगार

कम्पनी : AF BY JY LLTJARH WALMQAWLAT — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८१/१२/०२ — चलानी नं.: ६०२३४५३८ — LT. No.: 320401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |

कम्पनी : Motakamila Integrated Facilities Management For Maintenance & Cleaning — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८१/१२/०२ — चलानी नं.: ६०२३४५३९ — LT. No.: 320327

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत ९ गते (23 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

LEADS STAFFING Solutions Pvt. Ltd.
साविकको नाम (Nassar Overseas Pvt. Ltd.)
Gov. Lic. No. 1064/073/074
Battisputali-9, Kathmandu, Nepal, Tel No.: +977-1-4594112
Email: info@nassaroverseas.com.np | Website: www.nassaroverseas.com.np

## प्रधानमन्त्री कप क्रिकेट

# पुलिस र आर्मीको लगातार चौथो जित



**काठमाडौं/मस–** साविक विजेता नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा अपराजित यात्रा कायम राखेको छ । मधेश प्रदेशलाई पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लबले प्रतियोगितामा लगातार चौथो जित निकालेको हो ।

शनिबार सम्पन्न खेलमा पुलिसले मधेशलाई १९३ रनले पराजित गरेको हो । दाङको लमहीमा २ सय ८९ रनको लक्ष्य पछ्याएको मधेश २६.१ ओभरमा सबै विकेट गुमाएर ९५ रनमा समेटियो ।

मधेशका लागि दिपेश दासले ५१ बलमा २ चौका र १ छक्कासहित सर्वाधिक ३१ रन जोडे । रुपेश सिंह ९ बलमा २ छक्काको सहयोगमा १६ रनमा आउट भए । विशाल पटेल १३ रनमा आउट हुँदा मधेशका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

पुलिसका लागि ललितनारायण राजवंशीले ९.१ ओभरमा २८ रन खर्चिएर ४ विकेट लिए । कुशल भुर्तेलले २ तथा करण केसी, सागर ढकाल र कप्तान दीपेन्द्रसिंह ऐरीले समान १ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको पुलिसले ४९.५ ओभरमा अलआउट हुँदै २८८ रन बनाएको थियो । पुलिसका कप्तान दीपेन्द्रले सर्वाधिक ६३ रन बनाए । ३६ बल खेलेका उनले पाँच चौका र एक छक्का प्रहार गरे । आरिफ शेख ५५, अर्जुन साउद ४७, दीलिप नाथ ४५, शंकर राना २७ र राशिद खान १४ रनमा आउट भए ।

मधेशका रुपेश सिंहले सर्वाधिक चार विकेट लिए । विशाल पटेलले तीन तथा कमल गुप्ताले दुई विकेट लिँदा रञ्जित कुमारले एक विकेट लिए ।

शनिबार नै भएको प्रतियोगिताअन्तर्गतको अर्को खेलमा त्रिभुवन आर्मी क्लबले लगातार चौथो जित निकालेको छ । आर्मीले कोशी प्रदेशलाई ७ विकेटकोले हराएको छ । २ सय ३१ रनको लक्ष्य आर्मीले ४७.१ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो । आर्मीलाई जित दिलाउन तृतराज दासले सर्वाधिक ११२ रन बनाए । १३९ बल खेलका उनले १४ चौका र एक छक्का प्रहार गरे । कप्तान विनोद भण्डारीले २७ र भीम सार्कीले १२ रन बनाउँदा बसिर अहमद ६१ रनमा अविजित रहे । कोशीका सन्दीप ढुंगाना, भुपाल लुइटेल र प्रकाश कार्कीले समान एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्दै कोशीले ४९.३ ओभरमा २ सय ३० रन बनाएको थियो । कोशीका लागि सुभान गहतराजले ५७ बलमा ७ चौकासहित सर्वाधिक ५१ रन जोडे । सोनु अन्सारी ७४ बलमा ४ चौकाको सहयोगमा ४४ रन बनाए । सुजन थपलियाले ५४ बलमा ४ चौका र २ छक्काको सहयोगमा ४२ रन जोडे ।

आर्मीका लागि सोमपाल कामीले ४, शाहब आलम र आकाश चन्दले समान २ तथा कुशल मल्लले १ विकेट लिए ।

# क्लबस्तरीय ह्विलचियर बास्केटबल ४ चैतदेखि




**काठमाडौं/मस–** अन्तर उपत्यका क्लबस्तरीय ह्विलचियर बास्केटबल प्रतियोगिता चैत ४ गतेदेखि सुरु हुने भएको छ । नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ (एनएससिआइए)को आयोजनामा हुने प्रतियोगिता त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा चैत ४ र ५ गते हुने तय भएको हो । संघले गोकर्णेश्वर नगरपालिका ६, नारायणटारमा शनिबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ । संघका अनुसार दुई दिन चल्ने प्रतियोगितामा पुरुषतर्फ सात र महिलातर्फ ६ गरी १३ टोलीले सहभागिता जनाउने पक्का भएको हो । प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । प्रतियोगिताका टेक्निकल हेड तथा कमिस्नर प्रेमसुन्दर होनाका अनुसार पुरुषतर्फ समूह 'ए'मा दुई विभागीय टोली एपिएफ र आर्मीसहित इस्पाइनल कट इन्जरी नेटवर्क नेपाल (एससिआइएनएन) र ह्विलचियर स्पोर्ट्स एसोसिएसन (डब्ल्युएसए) छन् ।

अर्को समूहमा बिआइए, नेपाल आदिवासी जनजाती अपांग संघ (एनआइडिए) र आयोजक टोली एनएससिआइए छन् । महिलातर्फ भने समूह 'ए'मा एससिआइएनएन, राष्ट्रिय आदिवासी अपांग महिला संघ नेपाल (निडवान) र आयोजक टोली एनएससिआइए छन् । अर्को समूहमा जावलाखेल ह्विलचियर स्पोर्ट्स क्लब (जिडब्ल्युएससी), डब्ल्युएसए र बिआइए छन् ।

लिग कम नकआउट आधारमा हुने प्रतियोगिताको पहिलो दिन १५ खेल हुनेछन् । यी सबै लिग चरणका खेल सकिएसँगै दोस्रो दिन सेमिफाइनल, फाइनल, तेस्रो र चौथो स्थानका लागि प्रतिस्पर्धा हुने टेक्निकल हेड होनाले जानकारी दिए ।

हरेक समूहका शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् । सेमिफाइनल विजेताले फाइनलमा स्थान बनाउने छन् । 'पराजित हुने दुई/दुई टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछन्,' उनले भने ।

प्रतियोगिताको पहिलो खेलमा पुरुषतर्फ एपिएफ र एससिआइएनएन भिड्ने छन्। महिलातर्फ जावलाखेलले डब्ल्युएसएलाई चुनौती प्रस्तुत गर्नेछन्।

संघका अध्यक्ष देवी आचार्यका अनुसार महिला र पुरुष दुवै टिमको विजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । दोस्रोले ४० र तेस्रोले ३० हजार रुपैयाँ पाउने छन् । प्रतियोगिताको हाइ स्कोरर र सर्वोत्कृष्ट खेलाडीले समान तीन हजार रुपैयाँ प्राप्त गर्नेछन् ।यस प्रतियोगितामा सहभागी हुने सबै खेलाडीलाई जर्सीसहित प्रतिदिन एक हजार रुपैयाँ दरले यातायात खर्च र खाना खाजासमेत उपलब्ध गराइने उनले जानकारी दिइन् ।


## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/१२/०३ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ चैत १८ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### बागबजार, काठमाण्डौ शाखा

#### १. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्टरको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०५२/०६/२६ मा दर्ता नं. ४०६१/०५२/५३ कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६, बालाजु स्थित रजिष्टर्ड कार्यालय रहेको **जय सिद्धि गणेश रोडा ढुङ्गा उद्योग प्रा.लि. ।**

#### व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **द्वारका दास अग्रवाल मारवाडी**
ना.प्र.नं.- २३५१
जारी मिति - २०३१/०८/०७ जि.प्र.का.काठमाण्डौं
बाबु - मुरारी लाल मारवाडी
बाजे - नवरँगी लाल अग्रवाल
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २४
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १३,

२. **निकुन्ज डि अग्रवाल**
ना.प्र.नं.- १०२२८/२७२५९
जारी मिति - २०६०/११/२१, जि.प्र.का. काठमाण्डौं
बाबु - द्वारका दास अग्रवाल मारवाडी
बाजे - मुरारी लाल मारवाडी
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २५
हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १३,

३. **प्रेम प्रसाद गेलाल**
ना.प्र.नं.- २६/३९०/२४
जारी मिति - २०५७/०७/०७, जि.प्र.का. खोटाङ
बाबु - बुद्धिलाल गेलाल
बाजे - अग्नीधर गेलाल
स्थायी ठेगाना- खोटाङ जिल्ला, खोटाङबजार गा.वि.स, वडा नं. १

४. **जमान सिहं नेम्वाङ**
ना.प्र.नं.- ०२०१०६६०५५२९
जारी मिति - २०६७/०९/२८ जि.प्र.का. पाँचथर
बाबु - कर्ण बहादुर नेम्वाङ
बाजे - सिद्धि हाङ नेम्वाङ
स्थायी ठेगाना- पाँचथर जिल्ला, इम्बुङ गा.वि.स., वडा नं. २

५. **विजय नारायण मानन्धर**
ना.प्र.नं. २७ ८००५/९६७/१०८१,
जारी मिति - २०३४/०३/२८, जि.प्र.का. काठमाण्डौं
बाबु - देव नारायण मानन्धर
बाजे - जोग नारायण मानन्धर
स्थायी ठेगाना- काठमाण्डौं जल्ला, का.म.न.पा. वडा नं. ३०

६. **चन्द्र खत्री**
ना.प्र.नं.- २७१०१६/१२७९४
जारी मिति - २०७१/०२/०२ जि.प्र.का. काठमाण्डौं
बाबु - रुक बहादुर खत्री
बाजे - नेत्र बहादुर खत्री
स्थायी ठेगाना-काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ८

७. **रामेश्वर पाण्डे**
ना.प्र.नं.- ५४२४५
जारी मिति - २०५१/११/१६ जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - तेज बहादुर पाण्डे
बाजे - मेघ बहादुर पाण्डे
स्थायी ठेगाना-काभ्रे जिल्ला, बिर्ता देउराली गा.वि.स. वडा नं. ५

८. **धनेन्द्र बहादुर कार्की**
ना.प्र.नं.- ११३१५
जारी मिति - २०५०/१२/२८ जि.प्र.का. मोरङ
बाबु - ढुण्डीराज कार्की
बाजे -खड्ग बहादुर कार्की
स्थायी ठेगाना- मोरङ जिल्ला, इटहरी गा.वि.स. वडा नं. ८

९. **जिवन बाबु श्रेष्ठ**
ना.प्र.नं.- ३००६
जारी मिति - २०३८/१०/१३ जि.प्र.का. गोरखा
बाबु - गोविन्द बहादुर श्रेष्ठ
बाजे - लाल बहादुर श्रेष्ठ
स्थायी ठेगाना- गोरखा जिल्ला, बोर्लाङ गा.पा., वडा नं. ०४

#### लिलाम हुने सम्पतिको विवरण

१. **जय सिद्धि गणेश रोडा ढुङ्गा उद्योग प्रा.लि.** को नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, बाडभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३९८ को क्षे.फ. ४-३-१-१ (रोपनी) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

२. **जय सिद्धि गणेश रोडा ढुङ्गा उद्योग प्रा.लि.** को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ३८४, ३८२, २२, ३७९, ३८३ र ७५ को क्षे.फ. क्रमश ११-७-२-०, १६-१२-१-०, १-३-०-२, १२-५-०-१, १२-७-२-१ र १२-३-०-० (रोपनी) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

३. धनी कुमारी बैंक लि. र ऋणी **जय सिद्धि गणेश रोडा ढुङ्गा उद्योग प्रा.लि.** कायम रहेको तपसिलको सवारी साधनहरु:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| बा ५ ख २८८१ | MAT388116H2R23631 | 71M63648123 | TATA Tripper | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर |
| बा २ क ६७४९ | VCEC210DT00280579 | 11926815, | Volvo EC210D | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर |
| बा २ क ६७५२ | VCEC210DT00280585 | 11926816, | Volvo EC210D | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर |
| बा २ क ८५५९ | VCEC210DP00250385 | 12072276 | Volvo - Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर |
| बा २ क ८५५८ | VCEC210DK00250386 | 12072282, | Volvo- Excavator | बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, ललितपुर |

### कुश्मा, पर्वत शाखा

#### १. ऋणीको विवरण

**माया पुन**
ना.प्र.नं.- ५१-०१-६९-०१९५३,
जारी मिति - २०६९/१२/०६, जि.प्र.का. पर्वत
बाबु - कर्ण बहादुर पुन
बाजे - सोम बहादुर पुन
पति भिम बहादुर पुन
स्थायी ठेगाना- पर्वत जिल्ला, जलजला गा.पा., वडा नं. ०६
हालको ठेगाना- पर्वत जिल्ला, कुश्मा न.पा., वडा नं. ०४

#### व्यक्तिगत जमानीकर्ताको विवरण

१. **भिम बहादुर पुन**
ना.प्र.नं.-३२९१
जारी मिति - २०४४/१२/३० जि.प्र.का. पर्वत
बाबु - पुर्ण बहादुर पुर्जा पुन
बाजे - गज बहादुर पुन
स्थायी ठेगाना- पर्वत जिल्ला, जलजला गाँउपालीका वडा नं. ०६,
हालको ठेगाना- पर्वत जिल्ला,कुश्मा नगरपालीका वडा नं. ०४

#### लिलाम हुने सम्पत्तिको विवरण

१. **भिम बहादुर पुन**को नाममा मालपोत कार्यालय, पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.बि.स./न.पा. वडा नं.०९ स्थित कित्ता नं. ३३७२ र ३३७० को क्षे.फ. ऋमश: ०-५-१-१ र ०-३-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत

### मलेखु शाखा

#### १ (क). ऋणीहरुको विवरण

**बासुदेब कडेल**
ना.प्र.नं.- २/२८९३
जारी मिति - २०४४/१२/०७, जि.प्र.का. धादिङ्ग
बाबु - धर्मदत्त कडेल
बाजे - पदमनिधि कडेल
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं. ३.....१ र

**निरन्जन कडेल**
ना.प्र.नं.- १५०५५
जारी मिति - २०५३/०३/२०, जि.प्र.का. धादिङ्ग
बाबु - वासुदेव कडेल
बाजे - धर्मदत्त कडेल
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, गजुरी गा.पा. वडा नं. २ .....१ को संयुक्त

#### व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **उज्जल कडेंल**
ना.प्र.नं.- ४१३
जारी मिति - २०४८/०७/०६, जि.प्र.का. धादिङ्ग
बाबु - बासुदेब कडेल
बाजे - धर्मदत्त कडेल
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३

२. **ववित‍ा कडेल**
ना.प्र.नं.- २६३०३८/७७
जारी मिति - २०६३/१०/१९, जि.प्र.का. धादिङ्ग
बाबु - मोहनी प्रसाद सिलवाल
बाजे - निल प्रसाद सिलवाल
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, गजुरी गा.पा. वडा नं २

३. **धन कुमारी कडेंल**
ना.प्र.नं.- २/२८९२
जारी मिति - २०४४/१२/०७, जि.प्र.का. धादिङ्ग
बाबु - जय नारायण पाण्डे
बाजे - हरि नारायण पाण्डे
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३

#### लिलाम हुने सम्पत्तिको विवरण

१. **बासुदेब कडेल**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, वेनीघाट गा.वि.स. वडा नं. ६/क स्थित कित्ता नं. २६४ को क्षेत्रफल २-१२-३-१ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

#### ख. ऋणीको विवरण

**उज्जल कडेंल**
ना.प्र.नं.- ४१३
जारी मिति - २०४८/०७/०६, जि.प्र.का. धादिङ्ग
बाबु - बासुदेब कडेल
बाजे - धर्मदत्त कडेल
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३

#### लिलाम हुने सम्पत्तिको विवरण

१. **धनकुमारी कडेल**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, वेनीघाट गा.वि.स. वडा नं. ६/क स्थित कित्ता नं. १३७५ को क्षेत्रफल २-६-१-१ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

#### व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **बासुदेब कडेल**
ना.प्र.नं.- २/२८९३
जारी मिति - २०४४/१२/०७, जि.प्र.का. धादिङ्ग
बाबु - धर्मदत्त कडेल
बाजे - पदमनिधि कडेल
स्थायी ठेगाना-धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा.वडा नं ३

२. **निरन्जन कडेल**
ना.प्र.नं.- १५०५५
जारी मिति - २०५३/०३/२०, जि.प्र.का. धादिङ्ग
बाबु - वासुदेव कडेल
बाजे - धर्मदत्त कडेल
स्थायी ठेगाना-धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना-धादिङ्ग जिल्ला,गजुरी गा.पा.वडा नं २

३. **धन कुमारी कडेंल**
ना.प्र.नं.- २/२८९२
जारी मिति - २०४४/१२/०७, जि.प्र.का. धादिङ्ग
बाबु - जय नारायण पाण्डे
बाजे - हरि नारायण पाण्डे
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट गाउं पञ्चायत वडा नं १
हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ चैत १७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ चैत १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ चैत १८ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**



## साउदीमा रोजगार

कम्पनी: ARABAT SUPPLY COMPANY LIMITED | शहर : AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८१/११/२८ | चलानी नं.: ६०२३४३९४ | LT. No.: 320253

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver(Trailer/Truck Mixer) | 2 | 0 | स. काममा दक्ष | 1800 | ६६,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

सुगम ओभरसिज प्रा. लि.
SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

## कुवेतमा रोजगार

कम्पनी: AMANI ADEL AI-THUWAINI FOR DECORATION CONSULATIONS CO. | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८१/१२/०२ | चलानी नं.: ६०२३४५३४ | L.T. No.: 320362

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Correspondent (office boy) | 2 | 0 | स. काममा दक्ष | 200 | ९०,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १० गते (23 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

CHERISH OVERSEASE PVT. LTD.
Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

# अर्थतन्त्रलाई ट्र्याकमा ल्याउने गभर्नर आवश्यक छ



■ डा. रघुविर विष्ट, अर्थशास्त्री

नेपाल राष्ट्र बैंकको गभर्नर सिफारिस समितिले पूर्णता पाउन सकेको छैन । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा नयाँ गभर्नर सिफारिस समिति बनेपनि अन्य दुई सदस्य चयन भने अझै हुन सकेको छैन । सत्तारुढ दल भित्रै नेपाल राष्ट्र बैंकमा १८औं गभर्नर चयनमा सहमति नहुँदा छनोट समिति नै बन्न नसकेको अवस्था छ । नयाँ गभर्नरका आकांक्षीहरूले भने सत्ता निकट नेताहरूसँग निकटता बढाएर दौडधुप गरिरहेको चर्चा छ । नयाँ गभर्नर हुनको लागि भइरहेको पावर एक्ससाईजलाई कसरी हेर्न सकिन्छ भन्ने विषयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाटन संयुक्त क्याम्पसका अर्थशास्त्र विभागका प्रमुख **डा. रघुवीर बिष्ट**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।

**नेपाल राष्ट्र बैंकको गभर्नर बन्न भइरहको पावर एक्सरसाइजलाई कसरी हेर्न सकिन्छ ?**

गर्भनर बन्नका लागि हामी कहाँ नैलो अभ्यास हुने गरेको छ । गभर्नर पदमा अन्य धेरै मुलुकमा शक्ति र सत्ताको हिसाबले हेर्ने गरिँदैन । गभर्नर बन्नका लागि सम्बन्धित व्यक्ति कति दक्ष छ भन्ने नै हेर्नु पर्ने हो । तर, नेपालमा अनावश्यक रूपमा प्रतिस्पर्धा गरेको जस्तो देखिछ । अहिले देशको अवस्था, अर्थतन्त्रको संकटलाई सहजीकरण गर्ने दक्ष व्यक्ति ल्याउनका लागि प्रतिस्पर्धा गर्नुपर्ने हो, जो व्यक्ति सिनियर र राष्ट्र बैंकक लागि उपयुक्त पात्र बन्न सक्छन् त्यो व्यक्तिलाई सबैको साझा गभर्नर बनाउनु पर्ने हो । तर, अहिले गभर्नर नियुक्ति गर्ने विषयमा अनावश्यक छलफल चर्चा र समयकै बर्बादी भएको देखिन्छ ।

हाम्रोमा गभर्नर नियुक्त भएपछि पनि आवश्यकता भन्दा धेरै आग्रह पूर्वाग्रह बढी भएर देशको अर्थतन्त्र बनाउने तर्फ भन्दा अन्य कार्यमा ध्यान गएको देखिन्छ। आग्रह पूर्वाग्रह हुँदा अर्थतन्त्र अगाडि बढाउने भन्दापनि अस्थिर बनाउने र आफ्नो स्वार्थ परिपूर्ति मात्रै हुन्छ । त्यसैले गभर्नर बन्नका लागि अहिले सतहमै आफ्नो निकट व्यक्तिको लबिङमा ठूलो पावर एक्सरसाईज भएको देखिन्छ ।

**गभर्नर बनाइदेउ भनेर अहिले स्वयं व्यक्तिले गरिरहेको दौडधुपलाई कसरी हेर्ने ?**

अल्पविकसित देशहरूमा राष्ट्रलाई पावर सेन्टर हरूले चलाउँदा यस्तो हुने गरेको छ । गर्भनर बन्नेले समेत आफ्नो क्षमता भन्दापनि शक्ति केन्द्रमा धाईएन भने म नियुक्ति हुन सक्दिन भन्ने छ। सेटिङ गर्न नसके नियुक्ति भइँदैन भन्ने छ । त्यस्तो व्यक्ति राष्ट्र बैंकमा नियुक्ति भएर कसरी राष्ट्र हितमा काम गर्छ ? राष्ट्र बैंकमा कसैले बनाइदिएका त्यस्ता व्यक्तिले राम्रो काम गर्छन् भन्ने के ग्यारेन्टी छ ?

राष्ट्र बैंक देशको अर्थतन्त्रको लागि अर्थमन्त्रालय पछि सबैभन्दा महत्वपूर्ण स्वायत्त निकाय हो । जहाँ बस्ने व्यक्तिमा मेरिटको आवश्यकता हुनुपर्ने हो। जसले देशको अर्थतन्त्रलाई ट्र्याकमा ल्याउने, अर्थतन्त्रमा देखिएको समस्यालाई समाधान गर्नसक्ने, मौद्रिक नीतिबाट अर्थतन्त्रलाई चलायमान गर्नसक्ने व्यक्ति चाहिन्छ । विगतमा मौद्रिक नीतिमा कमी कमजोरी हुँदा देशको अर्थतन्त्रलाई नै कस्तो असर गरेको थियो त्यसलाई हामीले बुझ्न आवश्यक छ । अर्थतन्त्र अहिले जुन गतिमा छ त्यसलाई सम्वोधन गर्ने क्षमता भएको गभर्नरको खोजी गर्न आवश्यक छ ।

गभर्नर आफ्नो मान्छेलाई बनाउने जुन सक्रियता देखाइएको छ त्यो आवश्यक छैन। अहिले बैंकमा तरलता बढेको छ। कर्जाको माग निकै कम छ। अर्थतन्त्र अझै मन्दीको अवस्थामै छ। त्यसमा सुधार देखिँदैन। अर्को कुरा, रेमिट्यान्समार्फत् थुप्रिएको विदेशी सञ्चिति छ तर, त्यसको सदुपयोग छैन। विश्वको आर्थिक क्रियाकलाप राजनीतिक उथलपुथलको कारण देशमा आगामी दिनमा अझै ठूलो समस्या आउन सक्छ। अहिले युएसएडको सहयोग रोकिएको छ । विदेशी अनुदान र ऋण कम हुँदा त्यसको असर अर्थतन्त्रमा देखिन्छ। त्यसैले देशको आर्थिक अवस्थालाई सुधार गर्ने व्यक्ति खोज्नुपर्ने बेलामा अझै संकट निम्त्याउने अभ्यास रोक्नुपर्छ ।

**अर्थमन्त्री र गभर्नरबीच टकरावको अवस्था सृजना देखिएकै कारण आफ्नो पक्षको व्यक्ति बनाउन दलहरू लागेका हुन की ?**

देशलाई कुनै दल वा पक्षको गभर्नर भन्दापनि देश पक्षीय गर्भनरको आवश्यकता छ । जनार्दन शर्मा र डा प्रकाशशरण महत अर्थमन्त्री हुँदा गभर्नर रहेका महाप्रसाद अधिकारीबीच टकराव थियो भने अर्थमन्त्री युवराज खतिवडा हुँदाा गभर्नर चिरञ्जीवी नेपालसँग यस्तै सम्बन्ध देखिएको थियो । त्यो अर्थमन्त्री र गभर्नरबीचको भन्दा पार्टीहरूको टसल थियो ।

सरकार बाहिर बसेको पार्टीको व्यक्ति गभर्नर नियुक्तिको कारणले नै टसल निम्तिएको हो । देशलाई केन्द्रबिन्दु बनाउने हो भने, नीतिगत रूपमा देशको स्वार्थलाई ध्यानमा दिने हो भने यस्तो टसल हुँदैन । देश अहिले एकदम असजिलो र संकटको अवस्थामा हुँदा सरकार र राष्ट्र बैंकको टसल राम्रो हुँदैन। शक्तिकेन्द्रबाट मनोनित भएर आउने गभर्नरले आफूलाई मनोनित गरेको व्यक्तिलाई रिझाउन जस्तोसुकै काम गर्नुपर्ने बाध्यता आउन सक्छ । त्यसले देशको हित भन्दा पनि घाटा हुन्छ । देशलाई हित भन्दा कुनै समूहलाई हित गर्ने नीति बनाउने सम्भावना रहन्छ । त्यस्तो भयो भने देश थप कमजोर भएर आर्थिक अस्थिरता निम्तिने जोखिम रहन्छ। देशको अर्थतन्त्रले थप मूल्य चुकाउनेपर्ने हुनसक्छ ।

**गभर्नर नियुक्तिको विषय भागबण्डामा केन्द्रित देखिन्छ त्यसले दीर्घकालीन रूपमा कस्तो असर पार्ला ?**

अहिले जे भइरहको छ त्यो अभ्यास नै गलत हो । हाम्रो वित्तीय बजार भनेको प्राविधिक छ, त्यसको लागि नीतिगत रूपमा सक्षम व्यक्तिको आवश्यकता छ । व्यक्तिको स्वार्थ, चलखेलले बन्ने गभर्नरबाट जोखिम निम्त्याउँछ । आर्थिक चलखेलबाट आएको व्यक्तिले त आफ्नो पक्षमा काम गर्छ, कहाँ देशको लागि काम गर्ला ? वित्तीय बजार अस्थिर होस, विकास होस वा नहोस्, समस्या जे भएपनि केही मतलब नै हुने छैन । अहिले हामी ग्रे लिस्टमा फस्यौँ । ग्रे लिस्टको संकटमा फसेको वित्तीय बजार र अर्थतन्त्रलाई हामीले अझै झन चर्काउने र संकट निम्त्याउने काम गर्नु हुँदैन ।

अहिले अर्थतन्त्रको लागि संवोदनशील अवस्थामा यो अभ्यास हुनु हुँदैन । स्वार्थ समूहबाट बन्ने गभर्नरले नेपालको अर्थतन्त्र र वित्तीय बजारलाई हित गर्ने काम गर्दैन । अहिले सोच्नुपर्ने बेलामा हामीले सोचेनौ भने त्यसको ठूलो मूल्य चुकाउने हुन्छ। गभर्नरको लागि योग्य छ भने जो व्यक्ति भएपनि नियुक्त गर्दा के नै फरक पर्छ ? तर, जो व्यक्ति योग्य छैन । जसको स्वार्थ समुहसँग सेटिङ छ त्यसैले नै शक्ति केन्द्र धाउने हो। शक्तिकेन्द्रको समेत आफ्नो स्वार्थ जो व्यक्तिसँग मिल्छ, जुन व्यक्तिबाट फाइदा हुन्छ त्यहि व्यक्तिलाई नियुक्त गर्ने होला नी । गभर्नर मेरिट र वौद्धिक व्यक्तिलाई ल्याउनका लागि ध्यान नदिन हो भने देशमा नसोचेको संकट निम्तिन सक्छ ।

## उपभोक्ता अदालतको उद्घाटन, काठमाडौं उपत्यकाका मुद्दा हेरिने

**काठमाडौं/मस–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले उपभोक्ता अदालत उद्घाटन गरेका छन् । उपभोक्ता अदालत उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४४ बमोजिम गठन गरिएको हो । विश्व उपभोक्ता अधिकार दिवस, २०८१ तथा अदालत उद्घाटनका अवसरमा आयोजित कार्यक्रममा उनले उपभोक्ताको अधिकारलाई संविधानले मौलिक हकका रूपमा स्थापित गरिसकेको र गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको न्यायिक उपचार पाउने अधिकार सुनिश्चित भएको बताए ।

प्रधानन्यायाधीश राउतले उपभोक्ता अदालतको कार्यक्षेत्र व्यापक भएकाले यसको अधिकार क्षेत्र थप स्पष्ट पार्दै लैजानुपर्ने आवश्यकता औँल्याए । साथै अदालतले प्रभावकारी न्याय सम्पादन गरेर उपभोक्ताको विश्वास जित्नुपर्नेमा उनले जोड दिए । 'अदालतले उपभोक्ताको विश्वास जित्दै स्थापित हुनुपर्ने जिम्मेवारी पनि छ', उनले भने, 'त्यसैले अदालतले न्यायिक सक्रियता देखाउँदै परिणाममुखी काम गर्न आवश्यक छ ।' त्यस अवसरमा उद्योग, वाणिज्य तथा



आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वच्छ र प्रतिस्पर्धी बजार प्रवर्द्धन गर्न तथा उपभोक्ताको अधिकार सुनिश्चित गर्न उपभोक्ता अदालतको स्थापना भएको बताए । उनकाअनुसार प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै सरकार उपभोक्ता हितका लागि निरन्तर अनुगमन गरिरहेको छ। चाडपर्वमा प्रभावकारी अनुगमनको व्यवस्था गरिएको र उपभोक्ता अधिकार संरक्षणका लागि अदालतको भूमिका महत्वपूर्ण हुनेमा उनले विश्वास व्यक्त गरे । मन्त्री भण्डारीले सरकारको प्राथमिकतामा नै उपभोक्ता अदालतको स्थापना रहेको उल्लेख गर्दै यसको न्यायिक प्रक्रियालाई सहज बनाउन आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाए । अदालतको कार्यान्वयनमा देखापर्ने सम्भावित चुनौतीहरू सम्बोधन गर्न सरकारले आवश्यक नीति तथा कार्यक्रम ल्याउने जानकारी पनि उनले बताए । महान्यायाधिवक्ता रमेश वडालले उपभोक्ता अदालतको स्थापना न्यायिक सुधारको दिशामा महत्वपूर्ण कदम भएको बताए । उनले उपभोक्ता संरक्षण दिवस सबै नागरिकका लागि सरोकारको विषय भएको उल्लेख गर्दै उपभोक्ता अदालतमा आउने मुद्दाहरूका प्रकारबारे स्पष्टता आवश्यक रहेको बताए ।

'उत्पादन मिति मेटाइएका सामान, डिजिटल उपभोक्ता अधिकारलगायतका अनेक खालका उजुरीहरू अदालतमा आउनेछन् । आमनागरिकलाई यी विषयमा जानकारी हुन आवश्यक छ', उनले भने । उपभोक्ता अदालतमा सरकारका तर्फबाट मुद्दाको बहस पैरवी विशेष अदालतका सरकारी वकिलहरूले गर्ने पनि उनले स्पष्ट पारे । प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिका सभापति अब्दुल खाँनले उपभोक्ता हक कार्यान्वयनका चरणमा रहेको बताए । उनले उपभोक्ता अधिकार संरक्षणमा अझ जिम्मेवार बन्न सरकारलाई निर्देशन दिएको उल्लेख गर्दै नवगठित उपभोक्ता अदालतको प्रभावकारी कार्यान्वयनका लागि ठोस नीति आवश्यक रहेको औँल्याए । उनले सबै सीमा नाकामा गुणस्तर परीक्षण प्रयोगशाला (ल्याब)स्थापना गर्न सरकारलाई निर्देशन दिइसकेको बताए ।काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका उपभोक्तासम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन भएको हो । उपभोक्ता अदालतमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई अध्यक्षको जिम्मेवारी दिइएको छ । त्यस्तै, न्याय समूहअन्तर्गत राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत गेहेन्द्रराज रेग्मी र सामान्य प्रशासन समूहका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत आनन्दराज पोखरेललाई सदस्य तोकिएको छ ।

## स्वास्थ्य बीमाको प्याकेज र प्रिमियम परिवर्तन गर्नुपर्नेमा जोड

**काठमाडौं/मस** – स्वास्थ्य बीमाको वर्तमान प्रिमियम र प्याकेजमा परिवर्तन जरुरी भएको बिज्ञ तथा सरोकारवालाहरूले निष्कर्ष निकालेका छन् । अहिलेको ३५ सय रुपैयाँ तिरेर एक लाख रुपैयाँ बराबरको उपचार सेवा पाउने प्रणालीबाट अघि बढ्नुपर्ने अन्तरक्रियामा सहभागी डा भगवान कोइराला, डा गुणराज लोहनी, डा सुधा शर्मा र डा सरोज शर्माको जोड छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटाले उक्त निष्कर्षमा आफ्नो पनि सहमति रहेको बताए । विनयतारा फाउन्डेसन अमेरिका र स्वास्थ्यखबर फाउन्डेसनको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै सचिव डा देवकोटाले प्रिमियम कलेक्सन र प्याकेजका विषयमा बहस जरूरी भएको बताए । नयाँ कार्यकारी निर्देशक र आउने अध्यक्षले आफूलाई त्यही रूपमा तयार गर्नुपर्नेमा जोड दिँदै उनले थपे, 'प्यानलबाट उठेको कुरामै म जोड दिन्छु, प्रिमियम कलेक्सनको बाटो खुम्चिदै गएको प्रतीत भइरहेका छ, कि त राज्यले दिएकव् दियै गर्नुपर्यो कि त स्रोत खोज्नुपर्छ, त्यसैले प्रिमियम कलेक्सनका लागि बहस चलाउनुपर्छ, प्याकेज विकास गर्ने कुरामा पनि मेरो सहमति छ, ३५ सय, ५ हजार, १० हजार प्याकेज दिएर ओपिडी, सर्जिकल आदि सेवा दिनुपर्छ ।'

स्वास्थ्य बीमा बोर्डका पूर्वअध्यक्ष डा गुणराज लोहनीले अहिलेकै तरिकाले स्वास्थ्य बीमा चलाउन पनि प्रिमिय कम्तिमा ८ हजार पुर्याउनुपर्ने बताएका छन् । उनले भने, 'जनताले ३५ सय तिरुन्, राज्यले ४५ सय देओस्। अनि मात्रै अहिलेकै प्याकेजको बीमा चल्छ, नत्र बीमा बोर्डले पैसा कहाँबाट ल्याउने ?'

स्वास्थ्य बीमा सुधार कार्यदलका सदस्यसमेत रहेका डा भगवान कोइरालाले प्रिमियमको ७० प्रतिशत भारी सरकारकै काँधमा परेकाले पनि चुनौती सृजना भएको बताए। उनले भने, 'नयाँ सुरुवात गर्दा समस्या आउँछन् । हामीले सोचे भन्दा धेरै समस्या आउन थाल्यो कि जस्तो लाग्न थालेका छ । जस्तो भएपनि स्वास्थ्य बीमा जरुरी छ । राम्रै गरेको छ । यसलाई करेक्सन गर्नुपर्छ । नीतिगत तहमा छलफल र प्रतिबद्धता जरुरी छ ।' पूर्वस्वास्थ्य सचिव डा सुधा शर्माले स्वास्थ्य बीमा अपेक्षित लयमा नचलेको पाइएको बताउँदै विभिन्न सुधार जरूरी रहेको बताइन् । प्रिमियम, प्याकेज मात्रै नभइ अभ्यासमा रहेका गल्तीहरू समेत सुधार गर्नुपर्नेमा जोड दिइन्। उनले भनिन्, 'हामीले स्वास्थ्य बीमाको खर्चलाई मात्रै प्राथमिकतामा राखेर बहस तथा छलफल गर्दै आइरहेका छौं, बीमा किन चलेन भन्ने विषय एक लक्षण मात्रै हो ।' स्वास्थ्य बीमा बोर्डका पूर्वनिमित्त कार्यकारी निर्देशक तथा स्वास्थ्य मन्त्रालयको गुणस्तर, मापदण्ड तथा नियमन महशाखाका प्रमुख डा सरोज शर्माले पनि स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन प्रिमियम बढाउनुपर्ने बताए। उनले थपे, 'सुर्तीजन्य पदार्थ, अल्कोहयुक्त पदार्थ, चिनी लगायतका पदार्थमा भारी कर बढाएर सिधै बीमा कोषमा जम्मा हुने व्यवस्था मिलाउने कुरामा सोच्नुपर्छ ।'

आयोजक संस्था विनयतारा फाउन्डेसनका संस्थापक तथा अध्यक्ष डा विनय शाहले स्वास्थ्य बीमा बोर्ड बलियो भएमा मात्रै स्वास्थ्यमा रहेका असमानता घट्ने र सेवा, सुविधा र पहुँचमा रहेको खाडल पुरिँदै जाने बताए । उनले भने, 'बोर्डको स्लोगन 'तपाईंको स्वास्थ्य, हाम्रो अठोट' देख्दा खुशी भएँ, बोर्डको कुनै एउटा दस्ताबेजमा मैले सन् २०३० मा युनिभर्सल हेल्थ कभरेजको लक्ष्य पूरा गर्ने अठोट पनि भेटेँ, त्यसले पनि खुशी बनायो, जब मैले 'नेपाल डेमोग्राफिक हेल्थ सर्वे २०२२' केलाउँदा अठोट र लक्ष्यमा चुनौती महसुस गरेँ, त्यसैले यो नीतिगत छलफल गरेका हौं ।'

## पोखरा फाइनान्सका नवनियुक्त प्रमुख कार्यकारी अधिकृतद्वारा शपथ ग्रहण

पोखरा/मस - पोखरा फाइनान्स लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले पदीय जिम्मेवारीको सपथ लिएका छन्। फाइनान्स सञ्चालक समितिको ५४७औं बैठकको निर्णयअनुसार चैत १ देखि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएका गुरुङले केन्द्रीय कार्यालय, न्यूरोड पोखरामा संस्थाका अध्यक्ष राजकुमार गुरुङबाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका हुन् ।

कार्यक्रमको प्रारम्भमा वित्तीय संस्थाका अध्यक्ष राजकुमार गुरुङले




वित्तीय संस्था तथा नवनियुक्त प्रमुख कार्यकारी अधिकृतका बारेमा संक्षिप्त जानकारी प्रस्तुत गरेका थिए। कार्यक्रममा पोखरा फाइनान्सका अध्यक्ष राजकुमार गुरुङले प्रमुख कार्यकारी अधिकृत गुरुङलाई बधाई तथा शुभकामना दिँदै नेपाल राष्ट्र बैंकको निर्देशिकाको अनुपालना तथा संस्थागत सुशासनबाट संस्थाको साख तथा प्रतिष्ठालाई पुन उचाइमा पुऱ्याउन र व्यावसायिक सफलता हासिल गर्न शुभकामना व्यक्त गरेका थिए । सो अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले पोखरा फाइनान्स लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएकोमा खुशी व्यक्त गर्दै हाल संस्थामा रहेको चुनौतीहरुको समाधान गर्दै नेपाल राष्ट्र बैंकको निर्देशिकाको पालना गरी संस्थाको प्रगति तथा संस्थाको निक्षेपकर्ता, कर्मचारी र शेयरधनीको हीतका लागि हरदम प्रयत्नशील रहने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८१/१२/०३**

प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत बोलपत्र स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रू. (with VAT & PS) |
|---|---|---|---|---|
| 1 | 05/BELAKA/ NCB/W/2081-082 | Construction and Upgrading of Setikhola Ring Road | Sayara And Jenish Construction, Chaudhandhigadhi, Udayapur | 79,52,448.17 |

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**